नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वर्ष ३ ● अंक १९७ ● २०८२ साल जेष्ठ १७ गते शनिबार ● Saturday 31, May 2025 ● सूर्योदय: बिहान ५:१५ बजे ● सूर्यास्त: साँझ ६:४९ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

वैभव
शनिबार ४ पृष्ठको वैभव

- **वीरेन्द्र रमण** - मन आनन्दित बनाउने कुष्माण्ड सरोवर त्रिवेणीधाम
- **शीतलप्रसाद महतो** - गणतन्त्र स्थापनाका १७ वर्षः सुशासन, विकास र समृद्धिको अपेक्षा
- **शीतलप्रसाद महतो** - संरक्षणको पर्खाइमा सेल्मे फलाम खानी
- **केपी शर्मा ओली** - सगरमाथाको सुन्दरता र सुरक्षा
- **भीष्मराज ओझा** - आगामी आवको बजेटमा यस्ता छन् वन मन्त्रालयका नयाँ कार्यक्रम
- **अञ्जली थापा** - बालमैत्री घोषित जिल्लामा बालविवाहले 'निरास' बनाएका जिन्दगी

## मधेशका पाँच जिल्लामा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न 'रेन परियोजना'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न लक्षित 'रेन परियोजना' लागू हुने भएको छ । शुक्रबार जनकपुरधाममा आयोजित छलफलमा प्रदेश सरकार र परियोजना प्रतिनिधिबीच परियोजनाको उद्देश्य, कार्यक्षेत्र र सम्भावित प्रभावबारे विस्तृत छलफल गरिएको हो । मुख्यमन्त्री सतिश कुमार सिंह र परियोजनाका वरिष्ठ अनुकूलन अधिकृत सन्तोष कुमार मोरबैता यादवबीच भएको छलफलमा परियोजनाको रणनीति, समावेशी पहुँच र दीर्घकालीन प्रभावका विषयमा गहन बहस भएको थियो ।

'रेनः लचिलोपन, अनुकूलन र समावेशीतामा रूपान्तरण प्रभावका लागि नेपालमा समुदाय नेतृत्वमा आधारित समग्र पहल' नाम दिइएको यो परियोजना संयुक्त अधिराज्य सरकारको आर्थिक सहयोग, पिपुल इन निड र डेनचर्च एडसँगको साझेदारीमा स्थानीय पहलमार्फत सञ्चालन हुँदैछ । परियोजना २०८२ देखि २०८७ सम्म, अर्थात पाँच वर्ष सञ्चालन हुनेछ । यस परियोजनाले मधेश र लुम्बिनी प्रदेशमा जलवायुसँग सम्बन्धित जोखिम न्यूनीकरण, पूर्वतयारी, अनुकूलन रणनीति र प्रकृतिमा आधारित समाधान कार्यान्वयन गर्ने बताइएको छ । साथै, समावेशी कार्यक्रम र समुदायमा आधारित सुरक्षित आवास प्रवद्र्धन गरिनेछ । छलफलमा परियोजना मधेश प्रदेशका पाँच जिल्लाका १४ स्थानीय तहमा सञ्चालन हुने जनाइएको छ । यद्यपि, यी तहहरूको विस्तृत नाम सार्वजनिक गरिनसकेको भए पनि कार्यक्रमका सहभागीमार्फत सिरहा नगरपालिकाको समावेशिता पुष्टि भएको छ । कार्यक्रममा वन निर्देशनालय मधेश प्रदेशका निर्देशक जगरनाथ जसवाल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन प्रसाद साह, समृद्धिका लागि वन परियोजनाका प्रमुख सुजित कुमार झा, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार सञ्जय कुमार यादव, सिरहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाका प्रतिनिधिको उपस्थिति थियो ।

छलफलमा बोल्दै मुख्यमन्त्री सिंहले जलवायु परिवर्तनका कारण मधेश प्रदेश उच्च जोखिममा रहेको उल्लेख गर्दै परियोजनाले समुदायको लचिलोपन, पुनर्निर्माण क्षमता र वातावरणीय सुरक्षा अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे । उनले प्रदेश सरकारबाट प्राविधिक, नीतिगत र प्रशासनिक सहयोग प्रदान गरिने प्रतिबद्धतासमेत जनाए । वरिष्ठ अनुकूलन अधिकृत सन्तोष कुमार मोरबैता यादवले परियोजनाको प्रस्तुतिकरणमार्फत
समुदाय–केन्द्रित विकास दृष्टिकोण, स्थानीय नेतृत्वमा आधारित कार्यक्रम सञ्चालन र दीर्घकालीन समावेशी विकासमा परियोजनाको प्रतिबद्धता दर्शाए । उनले भने, 'हामी नयाँ संरचना निर्माण गरेर मात्र नभई सामाजिक समावेशिता र जनताको सशक्तीकरणबाट जलवायु संकटप्रति प्रतिरोधात्मक शक्ति निर्माण गर्न चाहन्छौँ ।'

## सत्तारुढ दलकै विरोधबीच प्रधानमन्त्रीले सडक शिलान्यास गर्ने

**मधेशदृष्टि**
**जनकपुधाम ।**
सत्तारुढ दलकहरुकै विरोधबीचमा प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेश सरकारले सञ्चालन गर्न लागेको एक निर्वाचन क्षेत्र एक सडक कार्यको शिलान्यास गर्ने भएको छ । प्रधानमन्त्री ओली आइतबार भर्चुअलमार्फत सडकको शिलान्यास गर्ने भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले जानकारी दिएका छन् ।उनले प्रधानमन्त्री ओली महेन्द्र नारायण निधि मिथिला संस्कृतिक केन्द्रमा उद्घाटन गर्ने तयारी गरिएको जानकारी दिए । तत्कालीन मुख्यमन्त्री लालबाबु राउतका पालामा तत्कालीन भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनलले यो सडकको योजना ल्याएका थिए । तर त्यहीलाई आएको अधिकांश सरकारले निरन्तरता दिँदै आएका छन् । अहिलेको सरकारले समेत यो सडकलाई निरन्तरता दिएका छन् । यो सडकको प्रदेश संसदले शिलान्यास गर्दै आएका थिए तर यसपटक त्यो योजनाको प्रधानमन्त्री ओलीले शिलान्यास गर्न लागेका हुन् । ३ सय २० किलोमिटर सडक खण्डलाई शिलान्यास जानकारी दिइएको छ । प्रधानमन्त्रीले शिलान्यास गर्न तयारीको विषयमा मन्त्री यादवले शनिबार पत्रकार सम्मेलन आयोजना गरिएको छ ।

यता सत्तारुढ दलले समेत शिलान्यास कार्यको विरोध गरिरहेका छन । मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले समेत प्रधानमन्त्रीले शिलान्यास गर्ने कार्यको विरोध गरेको छ । जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवले विगतमा समेत सडकको प्रदेश सभा सदस्यहरुले नै शिलान्यास गर्ने गरिएको बताउँदै अहिले आएर प्रधानमन्त्रीले शिलान्यास गर्नु आफूहरुको असहमति रहेको बताए । उनले भने, 'हामीले यसको विरोध गरेका छौँ, शिलान्यास कार्यक्रममा समेत सहभागिता जनाउने छैनौँ, आफूहरुको विरोध रहेको छ ।' जनमत पार्टीले यो कार्यक्रममा सहभागिता जनाउने आफनो मन्त्री र प्रदेश सभा सदस्यले समेत सहभागिता नजाउने समेत निर्देशन गरेको छ ।

प्रमुख विपक्षी दलले समेत विरोध जनाएका छन् । प्रमुख प्रतिपक्षी दल जसपा नेपालका प्रमुख सचेतक राम अशिष यादवले प्रदेशको सडकलाई प्रधानमन्त्रीले शिलान्यास गर्ने कुरा संघीयता मर्म विपरीत रहेको बताएका छन् । उनले पुरानो कार्यक्रमलाई फेरि शिलान्यास गराउनु उचित नभएको उनले जिकिर गरे । मधेश प्रदेशको योजनामा मन्त्रीको मिलामतोमा योजनामा अनियमितता भइरहेको खुलेयामरुपमा आरोप लागेको मन्त्री यादवले पार्टी अध्यक्ष र प्रधानमन्त्रीलाई रिझाउन उनीबाट शिलान्यास गर्न लागेको कतिपयको कथन छ । प्रदेश सरकारले विगतदेखि नै हरेक आर्थिक वर्ष हरेक निर्वाचन क्षेत्रमा कम्तीमा ५ किलोमिटर सडक अनिवार्य रुपमा कालोपत्रे गर्दै आएको छ ।

## भारतमा कोभिड देखिएपछि पर्सामा सतर्कता

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिल्ला स्वास्थ्य सङ्कट व्यवस्थापन समितिको बैठकले कोभिडको सम्भावित जोखिमलाई दृष्टिगत गर्दै सीमा नाकामा जाँचलाई प्रभावकारी बनाउने निर्णय गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अध्यक्षतामा बसेको बैठकले समितिको बैठकले छिमेकी मुलुक भारत तथा नेपालका विभिन्न स्थानमा कोभिडका सङ्क्रमित बिरामी देखापरेकाले कोभिडको सम्भावित जोखिमलाई दृष्टिगत गर्दै जिल्लामा स्वास्थ्य सतर्कता अपनाउने निर्णय गरेको छ ।

'कोभिडको सम्भावित जोखिमलाई मध्यनजर गर्दै सीमा नाकामा जाँचर्लाई थप प्रभावकारी बनाउने र आवश्यक निगरानी तथा स्वास्थ्य सतर्कता अपनाउन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय भएको छ,' अर्यालले भने, 'भारतीय भूमिबाट प्रवेश गर्ने यात्रुहरुलाई लक्षित गरी स्थापना गरिएको हेल्थ डेस्कलाई थप प्रभावकारी बनाउने, आवश्यकताअनुसार हेल्थ डेस्कमा सुरक्षाकर्मीलगायत जनशक्ति समेत खटाई व्यवस्थित रुपमा स्क्रिनिङ गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ ।'

बैठकले अस्पताल तथा स्वास्थ्य संस्थालाई तयारी अवस्थामा रहन निर्देशन अनुरोध गरेको छ । त्यस्तैगरी, जटिक प्रकृतिका शङ्कास्पद बिरामीलाई अन्य अस्पतालमा रेफर नगर्न पनि अनुरोध गरेको छ । बैठकले मास्क, सेनिटाइजर, अक्सिजनलगायतका कोभिड सङ्क्रमणमा प्रयोग हुने लाइफ सेभिङ उपकरणको स्टक सुनिश्चित गर्ने पनि निर्णय गरेको छ ।

प्रवेश विन्दुमा खटिएका कर्मचारीले विगतदेखि पाउनुपर्ने तलब सुविधा हालसम्म नपाएको गुनासो आएकाले रोकिएको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने पनि निर्णय भएको छ । त्यस्तै, कोभिड सङ्क्रमणसँग सम्बन्धित परीक्षणका लागि आवश्यक संख्यामा आरडिटी टेष्ट कीट र पिसिआर तथा खोप समेत उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णयमा उल्लेख गरिएको छ । त्यस्तै, कोभिडसम्बन्धी जनचेतना अभिवृद्धि गर्नाका साथै आवश्यक स्वास्थ्य सुरक्षा सतर्कतासम्बन्धी उपाय अवलम्बन गर्न सबै स्थानीय तहलाई अनुरोध गरेको छ ।

## रौनियार सेवा समितिमा सल्लाहकार र संरक्षक चयन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रौनियार सेवा समितिका कार्यबाहक अध्यक्ष रामबाबु गुप्ताको अध्यक्षतामा भएको बैठकले परमेश्वर प्रसाद गुप्ताको अध्यक्षतामा प्रमुख सल्लाहकार तथा संरक्षक तदर्थ समिति गठन गरेको छ । तदर्थ समितिमा संरक्षकमा संयोजक राधेश्याम गुप्ता, सचिवमा सत्यनारायण साह, कोषाध्यक्ष हरिनारायण साह तथा सदस्यहरुमा अशोक कुमार साह र गणेश गुप्ता रहेको छन् ।

यस्तै, प्रमुख सल्लाहकारमा प्रमेश्वर प्रसाद गुप्ता, सल्लाहकारमा राजकिशोर गुप्ता, विनोद साह, प्रल्हाद गुप्ता, हंसराज गुप्ता, पदेन सदस्य राकेश कुमार गुप्ता र प्रमुख निर्वाचन अधिकृत राजकिशोर गुप्ता रहेका छन् ।

## १४०० महिला कृषि स्वयम्सेविकाका लागि भर्ना खुला

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले महिला लक्षित कृषि सेवा विस्तारका लागि एक महत्वपूर्ण कार्यक्रम अघि सारेको छ । 'महिला कृषि स्वयम्सेविका परिचालन कार्यक्रम' मार्फत प्रदेशभर १ हजार ४ सय महिला स्वयम्सेविका नियुक्त गर्न दरखास्त आह्वान गरिएको हो । यस कार्यक्रमअन्तर्गत प्रदेशका सबै जिल्लाका स्थानीय तहमा कृषिसम्बन्धी जनचेतना, प्राविधिक सल्लाह, तालिम र जानकारी प्रवाह गर्न स्वयम्सेविकाको परिचालन गरिने बताइएको छ ।

मन्त्रालयले जेठ १५ गते सूचना प्रकाशित गर्दै दरखास्त मागेको हो । दरखास्त दिन चाहने महिलाहरूको उमेर न्यूनतम १८ वर्ष र अधिकतम ४० वर्ष हुनुपर्ने उल्लेख छ । त्यस्तै, मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइइ (पूर्व एसएलसी) वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने, नेपाली नागरिक हुनुपर्ने, सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने र सार्वजनिक लाभको पदमा कार्यरत नरहेको हुनुपर्ने छ । कृषि, पशुपंछी, मत्स्यसम्बन्धी तालिम प्राप्त र काम गरेको अनुभव भएका महिलालाई प्राथमिकता दिइने मन्त्रालयले जनाएको छ । दरखास्तमा कार्यविधिअनुसारको
दरखास्त फारम, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभव प्रमाणपत्र, कृषि सम्बन्धी तालिम प्रमाणपत्र, सार्वजनिक लाभको पदमा नरहेको स्वघोषणा र वडा कार्यालयबाट स्थायी बसोबासको
सिफारिसलगायतका
कागजात संलग्न गर्नुपर्ने छ ।

छनौटमा परेकी महिला स्वयम्सेविकालाई महिला कृषि स्वयम्सेविका परिचालन कार्यविधि, २०८१ अनुसार सेवा सुविधा प्रदान गरिनेछ । कार्यस्थलमा कृषि सूचना, सल्लाह, तालिम, कृषक महिला समुहसँग समन्वय लगायतका जिम्मेवारी रहनेछ । यो कार्यक्रम महिला सशक्तिकरणसँगै कृषि क्षेत्रको व्यावसायिक विकासमा टेवा पुर्याउने लक्ष्यसहित अगाडि सारिएको मन्त्रालयले जनाएको छ ।

इच्छुक उम्मेदवारलाई १५ दिनभित्र आफ्नो स्थायी ठेगानाअनुसार कृषि ज्ञान केन्द्र सप्तरी, कृषि ज्ञान केन्द्र सिरहा, भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनुषा, भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र महोत्तरी, भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सर्लाही, कृषि ज्ञान केन्द्र रौतहट, कृषि ज्ञान केन्द्र बारा र कृषि ज्ञान केन्द्र पर्सामा सम्पर्क गर्न भनिएको छ । मधेश प्रदेशको ग्रामीण समाजमा महिलाहरू लामो समयदेखि कृषिमा संलग्न रहँदै आएका छन् । तर, तिनीहरूको योगदान अझ प्रशिक्षित र संस्थागत रूपमा विस्तार गर्न यो कार्यक्रमले योगदान दिने मन्त्रालयको विश्वास छ

## ११ करोडको विद्युतीय शवदाह गृह निर्माण हुँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले जनकपुरधामको गंगासागर पोखरी डिलस्थित स्वर्गद्वार क्षेत्रमा अत्याधुनिक विद्युतीय शवदाह गृह निर्माण प्रक्रिया शुरु गरेको छ । प्रदेशको गौरवको योजना मानिएको यो शवदाह गृह दुई वर्षभित्र सम्पन्न हुने लक्ष्यसहित अब औपचारिकरूपमा अघि बढाइएको हो । शुक्रबार ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयद्वारा आयोजित सरोकारवाला छलफलपछि यसै आर्थिक वर्षदेखि निर्माण प्रक्रिया थालिने सहमति भएको हो । टेन्डर प्रक्रिया यही साताअघि बढाइने जानकारी दिइएको छ । निर्माणपछिको सञ्चालन व्यवस्थापन भने जनकपुरधाम उपमहानगरपालिकामार्फत
कार्यविधि बनाएर स्वर्गद्वार समितिलाई जिम्मा दिइने तयारी छ । ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्री शेषनारायण यादवले यो परियोजना मधेश सरकारको गौरवपूर्ण योजना भएको बताउँदै भने, 'यसले आम नागरिकको समय र आर्थिक बोझ घटाउन मात्र नभई वातावरण प्रदूषण नियन्त्रणमा पनि महत्वपूर्ण भूमिका खेल्नेछ ।' उनका अनुसार जनकपुरधाम
उपमहानगरपालिकाका मेयर मनोज कुमार साह र सम्बन्धित वडाध्यक्षसँग सहमति भइसकेकाले निर्माणदेखि सञ्चालनसम्म कुनै अवरोध आउने छैन । मन्त्रालयका सचिव रामकुमार खंगले ११ करोड रुपैयाँको बजेट विनियोजन गरिएको जानकारी दिए । यो परियोजनाअन्तर्गत अढाई तल्ले शवदाह भवन, दुईवटा शवदाह ट्रली बेड, धूँवा निकासका लागि ब्रिन्चुरी स्क्रबर, वेट स्क्रबर र चिम्नी, अस्थी व्यवस्थापनका लागि विशेष संरचना निर्माण गरिनेछ । जनकपुरधाम
उपमहानगरपालिकाका मेयर मनोज साहले विद्युतीय शवदाह गृह निर्माणलाई 'शहरको स्वाभिमान र आधुनिकता तर्फको कदम' भन्दै सम्पन्न भएपछि तात्कालिक कार्यविधि बनाइ स्वर्गद्वारी समितिको नेतृत्वमा सञ्चालन गरिने जानकारी दिए । साथै, सञ्चालन कोष स्थापना गर्दै यसलाई स्थायी र सक्षम बनाउने प्रतिबद्धता जनाए । जनकपुरधाम तथा सम्पूर्ण मधेशमा प्रचलित परम्परागत दाहसंस्कार प्रणालीमा काठको अत्यधिक प्रयोग, आर्थिक बोझ र धूवाँजन्य प्रदूषण देखिँदै आएको छ । विद्युतीय शवदाहगृहले यिनै समस्याको दीर्घकालीन समाधान दिने अपेक्षा गरिएको छ । कार्बन उत्सर्जनमा उल्लेखनीय कमी, काठको अत्यधिक खपत न्यूनीकरण, द्रुत, सुलभ र सम्मानजनक अन्त्येष्टि सेवा जस्ता फाइदाका कारण विद्युतीय शवदाह गृह निर्माणलाई सामाजिक परिवर्तन र वातावरणीय सुधारतर्फको ठूलो कदम मानिएको छ ।

# बजेटले मकवानपुरवासी उत्साहित

**बागमती ।**
सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा मकवानपुरका महत्वकांक्षी योजनालाई सम्बोधन गर्न खोजेको भन्दै स्थानीय उत्साहित भएका छन् ।

प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आव २०८२/८३ का लागि कूल १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ बजेट सार्वजनिक गरे ।

बजेटमा मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्र सञ्चालन तथा अन्तरराष्ट्रिकरण चिकित्सा शिक्षा योजना अघि सारिएको छ । जीर्ण अवस्थामा रहेका हेटौँडा सिमेन्ट उद्योगलगायतका सरकारी उद्योग सञ्चालनका लागि अध्ययन गरी लगानी व्यवस्थापन गर्ने सरकारले घोषणा गरेको छ ।

सरकारले बजेटमार्फत मकवानपुरका यी योजनालाई प्राथमिकता दिनु सकारात्मक भएकाले त्यसको कार्यान्वयन गर्न स्थानीयले सरकारसँग आग्रह गरेका छन् । 'समग्रमा सरकारले सार्वजनिक गरेको बजेट मकवानपुरवासीको दृष्टिकोणले स्वागतयोग्य छ', पेट्रोलियम व्यवसायी उत्सव इटानीले भने, 'मयुरधापमा औधोगिक क्षेत्र सञ्चालन गर्ने योजनालाई अघि बढाएको छ, यो अत्यन्तै सकारात्मक कुरा हो ।' यसले यहाँ थप रोजगारीको वातावरण सिर्जना हुने उनको विश्वास छ ।

मकवानपुर उद्योगको हब भए पनि पछिल्लो समय हेटौँडा औद्योगिक क्षेत्रभित्रका उद्योग बन्द हुने अवस्थामा पुगिरहेका बेला उद्योगलाई कर छुट दिने घोषणाले उद्योग सञ्चालन गर्न सहज हुने उनले बताए ।

सरकारले ल्याएको बजेट समग्रमा राम्रो रहेकाले प्रभावकारी कार्यान्वयमा जोड दिनुपर्ने मकवानपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष प्रमोदराज रानाभाटले बताए । 'हामीले वर्षादेखि उठाउँदै आएका कर छुटलगायतका विषयलाई बजेटले सम्बोधन गरेको छ', उनले भने 'निजी स्रोतलाई उत्साहित बनाउने बजेट सरकारले ल्याएको छ, अब यसको कार्यान्वयन आवश्यक छ ।' आर्थिक सङ्कटसँग जुध्दै आएको र जीर्ण अवस्थामा रहेका हेटौँडा सिमेन्ट उद्योगलगायतका सरकारी उद्योग सञ्चालनका लागि अध्ययन गरी लगानी व्यवस्थापन गर्ने सरकारको घोषणाले स्थानीयमा केही आशा जगाएको छ ।

'हेटौँडा सिमेन्ट उद्योगलाई निजीकरण गर्ने कुरा चलेको थियो', स्थानीय बुद्धिजीवी सरोज श्रेष्ठले भने, 'तर सरकारले बजेटमार्फत उद्योग सञ्चालनका लागि लगानी व्यवस्थापन गर्ने घोषणा गरेर केही आशा जगाएको छ ।' सिमेन्ट उत्पादनको दृष्टिकोणले गुणस्तरीय र बजारमा अत्यधिक माग हुने हेटौँडा सिमेन्ट उद्योग बन्द हुँदा स्थानीयमा निराशा बढेको बेला सरकारको घोषणाले आशा बढाएको उनको भनाइ छ । हेटौँडा सिमेन्ट उद्योगलाई निजीकरण नभई सरकारले आर्थिक व्यवस्थापन मिलाएर आफैले सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले सरकारले नै सञ्चालन गरे उपयुक्त हुने उल्लेख गरे ।

सरकारले हेटौँडास्थित डिजास्टर रिकभरी सेन्टरको क्षमता विस्तार गर्ने र खोरेत रोग मुक्त क्षेत्र घोषणाका लागि मकवानपुर र सिन्धुली जिल्लामा जोनिङ तथा कम्पार्टमेन्टलाइजेशनका कार्यक्रम सञ्चालन गर्ने घोषणाले पनि स्थानीय किसानमा सकारात्मक ऊर्जा प्राप्त भएको छ । समग्रमा सरकारको बजेटलाई स्थानीयले स्वागयोग्य भन्दै उत्कृष्ट कार्यान्वयनका लागि आग्रह गरेका छन् ।

**बजेटमा बागमती प्रदेशका योजना**

सरकारले आगामी आव २०८२/८३ को बजेटमार्फत बागमती प्रदेशका थुप्रै योजनालाई समेटेको छ । यसबाट सर्वसाधारण उत्साहित बनेका छन् । सरकारले बजेटमार्फत हेटौँडा काठमाडौं पोडवे सम्भाव्यता अध्ययन, सुरुङमार्ग निर्माण सम्भाव्यता अध्ययन, शक्तिखोर र मकवानपुरको मयुरधाप औद्योगिक क्षेत्र सञ्चालन तथा अन्तरराष्ट्रिकरण चिकित्सा शिक्षका योजना अघि सारेको छ । जीर्ण अवस्थामा रहेका हेटौंडा सिमेन्ट उद्योगलगायतका सरकारी उद्योग सञ्चालनका लागि अध्ययन गरी लगानी व्यवस्थापन गरिने र बन्द अवस्थामा रहेका काठमाडौँ–हेटौँडा रोपवेको विकल्पमा नवीन प्रविधिमा आधारित पोडवेको सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरिएको अर्थमन्त्री पौडेलले बताए ।

अध्ययन सम्पन्न भएका सुरुङमार्ग खुर्कोट–चियाबारी, झभयाटार–शक्तिखोर, कुलेखानी–भीमफेदी निर्माणका लागि स्रोत व्यवस्था गर्ने र टोखा–छहरे, दोलालघाट–चर्नाैवती सुरुङमार्गको सम्भाव्यता अध्ययत सम्पन्न गर्ने गरी सरकारले बजेट विनियोजन गरेको छ । काठमाडौँ चक्रपथको कलङ्की–वसुन्धरा, धोबीखोला सडकखण्डको स्तरोन्नति कार्यलाई निरन्तरता दिँदै सरकारले चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा लगानी बोर्डमार्फत निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्ने योजनाका लागि बजेट व्यवस्था गरिएको मन्त्री पौडेलले बताए । यस्तै पाँचखालको विशेष आर्थिक क्षेत्रलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गरिने घोषणा गरिएको छ ।

बजेटमा रसुवाको टिमुरेमा सुक्खा बन्दरगाहको निर्माण सम्पन्न गरी सञ्चालन गर्ने, अमलेखगञ्ज–लोथर पेट्रोलियम पाइपलाइन विस्तार तथा भण्डारण निर्माण कार्य अघि बढाउन बजेट व्यवस्थापन गरिएको उल्लेख छ । सरकारले हेटौँडास्थित डिजास्टर रिकभरी सेन्टरको क्षमता विस्तार गर्ने, काठमाडौँ उपत्यकामा पाइभजी सेवा सुरु गर्ने, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनको काम अघि बढाउने बजेट समेटिएको छ । निजी क्षेसँगको सहकार्य र पर्यटन बोर्डको सहजीकरणमा सौराहा–गोसाइँकुण्ड, जनकपुरधाम–कालीञ्चोक पदयात्रा सञ्चालन गर्ने, स्वयम्भुनाथ, हनुमानढोका, पशुपतिनाथ र बौद्धनाथ क्षेत्रमा सन्ध्याकालीन सम्पदामार्ग विकास गर्ने गरी सरकारले बजेट व्यवस्था गरेको छ भने स्वास्थ्य क्षेत्र तर्फ सरकारले कीर्तिपुर जलन अस्पताल, धुलिखेल अस्पताल, काठमाडौँ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ, तिलगंगा आँखा अस्पतालको सेवा तथा गुणस्तर वृद्धि गर्न पुँजीगत अनुदानको व्यवस्था गर्ने भएको छ ।

वीर अस्पतालबाट अन्तरराष्ट्रियकरण चिकित्सा शिक्षा र अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउन पूर्वाधार निर्माण, उपकरण र जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्था गर्ने, कान्ति बाल अस्पताललाई बाल स्वास्थ्य सेवाको सेन्टर अफ एक्सिलेन्सको रूपमा विकास गर्ने, टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अन्तरराष्ट्रिय स्तरको प्रयोगशालामा स्तरोन्नति गर्न पूर्वाधार विकास, यन्त्र उपकरण र जनशक्ति व्यवस्थापन गर्ने, मानसिक अस्पताल लगनखेलको क्षमता विस्तार, काठमाडौँ उपत्यकास्थित केन्द्रीय अस्पतालमा मस्तिष्क, मेरूदण्ड तथा स्नायु रोगको गुणस्तरीय उपचारका लागि राष्ट्रिय न्युरोसाइन्स केन्द्र स्थापना गर्ने गरी बजेटमा उल्लेख छ ।

सरकारले बजेटमार्फत काठमाडौँको मूलपानी क्रिकेट रङगशाला निर्माणका लागि बजेट विनियोजन गरेको जनाएको छ भने कीर्तिपुरस्थित क्रिकेट रङ्गशालाको स्तरोन्नतिका लागि ४० करोड विनियोजन गरेको छ । चितवनस्थित गौतमबुद्ध क्रिकेट रङ्गशालाको सिर्जित सम्पत्ति खरिद गर्न सशर्त अनुदानको व्यवस्था गर्ने सरकारको बजेटमा उल्लेख छ ।

सरकारले आगामी आर्थिक वर्षमा तामाकोशी–५ आयोजना, सुनकोशी–मरिन डाइभर्सन आयोजनाको निर्माण कार्यलाई तीव्रता दिने, खिम्ती–बाह्रबिसे–लप्सीफेदी प्रसारण लाइनको निर्माण कार्य अघि बढाउने गरी बजेट विनियोजन गरेको छ । काठमाडौँ उपत्यकाको सार्वजनिक यातायातलाई आधुनिक र व्यवस्थित गर्न मेट्रोरेल, मोनोरेलको सम्भाव्यता अध्ययन गर्ने, काठमाडौँ उपत्यकाको इशान, आग्नेय, तारकेश्वर र डुकुछापमा जग्गा विकास आयोजना सञ्चालन गर्ने, काठमाडौँ उपत्यकालगायत प्रमुख सहरको सौन्दर्य तथा आधारभूत सेवाको गुणस्तर वृद्धि गर्न युटिलिटी कोरिडोरको अवधारणा कार्यान्वयन गर्ने, काठमाडौँको शङ्खरापुरमा जहरसिंह पौवा स्टेडियम र गणेशमान सिंह पार्क तथा बूढानीलकण्ठ–गोकर्णेश्वरमा मदन भण्डारी बहुउद्देश्यीय पार्कको निर्माण कार्य सुरु गर्ने भएको छ ।

सरकारले काठमाडौँको भृकुटीमण्डपमा अन्तरराष्ट्रियकरण प्रदर्शनीस्थल निर्माण गर्ने गरी सरकारले बजेट विनियोजन गरेको छ । आगामी बजेटमार्फत बागमती प्रदेशका धेरैजसो योजनालाई समेटेको भन्दै स्थानीयले खुसी व्यक्त गरेका छन् ।रासस

# सङ्घीय सरकारको समग्र वित्त स्थितिमा सुधार

**काठमाडौँ ।**
आर्थिक वर्ष २०८०/८१ मा ङ्घीय आय बढेको र सङ्घीय खर्च घटेकाले सङ्घीय सरकारको समग्र वित्त स्थितिमा सुधार भएको छ । यस अवधिमा अनुदानसहितको सङ्घीय सरकारको समग्र वित्त सन्तुलन ५४ दशमलव ३ प्रतिशतले सुधार भई एक खर्ब ४४ अर्ब २४ करोड रुपैयाँले घाटामा रहेको बिहीबार उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सङ्घीय संसदमा पेस गरे आर्थिक सर्वेक्षणमा २०८१/८२ मा उल्लेख छ ।

आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय सरकारको प्राथमिक सन्तुलन ७४ दशमलव ४ प्रतिशतले सुधार भई ६२ अर्ब १४ करोड रुपैयाँले घाटामा छ । त्यसैगरी, यस अवधिमा सङ्घीय सरकारको वित्त घाटा (वित्तीय सम्पत्तिको खुद प्राप्तिसहित) ४६ दशमलव ८ प्रतिशतले सुधार भई एक खर्ब ८५ अर्ब ९४ करोड रुपैयाँ रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय सरकारको बजेट घाटा १८ दशमलव ० प्रतिशतले सुधार भई चार खर्ब नौ अर्ब २३ करोड रुपैयाँ रहेको छ । 'आर्थिक वर्ष २०७९/८० मा एक खर्ब ५७ अर्ब ४५ करोडरुपैयाँले घाटामा रहेको सङ्घीय सरकारको राजस्व सन्तुलन आठ करोड रुपैयाँले मात्र घाटामा रहेको छ । सङ्घीय सरकारको चालु खर्च ६ दशमलव ३ प्रतिशतले घटेको र सङ्घीय राजस्व ११ दशमलव ४ प्रतिशतले बढेकाले राजस्व सन्तुलनमा उल्लेख्य सुधार भएको छ', आर्थिक सर्बेक्षणमा भनिएको छ ।

आर्थिक वर्ष २०८०÷८१ मा कूल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय सरकारको समग्र वित्त घाटा (अनुदानबाहेक) २ दशमलव ९५ प्रतिशत, समग्र वित्त घाटा (अनुदानसहित) २ दशमलव ५३ प्रतिशत र वित्त घाटा (वित्तीय सम्पत्तिको खुद प्राप्तिसहित) ३ दशमलव २६ प्रतिशत रहेको छ । त्यसैगरी, प्राथमिक घाटा १ दशमलव ०९ प्रतिशत र बजेट घाटा ७ दशमलव १७ प्रतिशत रहेको छ ।रासस

# सार्वजनिक सवारीसाधन नचल्दा आवतजावतमा कठिनाइ

**गण्डकी ।**
गण्डकी प्रदेश सरकारले जारीको गरेको 'राइड सेयरिङ र सेल्फ ड्राइभ' सेवालाई कानुनी रूपमा स्वीकृति दिने नियमन तथा व्यवस्थापनसम्बन्धी नियमावली खारेज गनुपर्ने मागसहित गरिएको सार्वजनिक सवारीसाधन बन्दका कारण आज सर्वसाधारणको आवतजावतमा कठिनाइ भएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घको नेतृत्वमा गण्डकीका सवारी व्यवसायीले उक्त नियमावलीको विरोधमा शुक्रवारदेखि सार्वजनिक यातायात सेवा बन्द गरेका हुन् । सार्वजनिक यातायात सेवा बन्द भएका कारण टाढाटाढा जानुपर्ने सर्वसाधारण समस्यामा परेका छन् ।

पोखरा ट्याक्सी प्रालिका अध्यक्ष शोभाकान्त पौडेलले आफूहरुको आन्दोलनका कारण आज बिहानैदेखि गण्डकी प्रदेशभित्र ट्याक्सी, बस र ढुवानी सेवा पूर्ण रूपमा बन्द भएको बताए । उनले आजदेखि गण्डकीभित्र र जेठ १९ गतेदेखि देशभर सवारी अवरुद्ध गर्ने कार्यक्रम रहेको बताए ।रासस

# एमालेले मधेश प्रदेशका ६० हजार पार्टी सदस्यलाई प्रशिक्षण दिने

**मधेशदृष्टि**
**महोत्तरी ।**
नेकपा एमालेले मधेश प्रदेशका ६० हजार पार्टी सदस्यलाई प्रशिक्षण दिने भएको छ । एमाले मधेश प्रदेश समितिको आयोजना र केन्द्रिय पार्टी स्कूल विभागको सहयोगमा बर्दिवासमा आयोजना गरिएको दुई दिने प्रदेश स्कूल सञ्चालन सम्बन्धि कार्यशालामा यस्तो घोषणा गरिएको हो । नेकपा एमालेका उपमहासचिव तथा केन्द्रिय स्कूल विभाग प्रमुख प्रदिप ज्ञावालीको प्रमुख आतिथ्यतामा शुरु भएको कार्यशाला जेठ १६ र १७ गते दुई दिनसम्म चल्ने छ । पार्टीले उच्च तह, माध्यमिक तह र आधारभुत तहगरि तीन खालका स्कूल सञ्चालनको अवधारणा ल्याएको छ । सोही अनुसार आधारभूततहको प्रशिक्षणका लागि कार्यशालाको आयोजना गरिएको एमाले मधेश प्रदेश कमिटिका सचिव मनोज पौडेलले जानकारी दिए । सो अनुसार माक्र्सवादी दर्शन, समाजवादी अर्थ व्यवस्था, समाजवादको आधार, समाजवाद, राज्य र कम्युनिष्ट पार्टीका बारेमा मधेश प्रदेशमा रहेका ६० हजार पार्टी सदस्यलाइ प्रशिक्षण दिइने पौडेलले बताए । कार्यशाला गोष्ठीमा बोल्दै उपमहासचिव ज्ञावालीले सरकारले गरेका राम्रा कामको बारेमा जनतालाई जानकारी गराउन नसकिएको बताए । उनले लोकतान्त्र आएपछि मुलुक समृद्धिको दिशातर्फ अघि बढेको उल्लेख गर्दै राजा ल्याउँछु भन्ने कुरा दिउँसै देख्ने सपना भएको उल्लेख गर्दै लोकतन्त्रको विकल्प राजतन्त्र नहुने स्पष्ट पारे । त्यसैगरि कार्यक्रमा मधेश प्रदेश इन्चार्ज लिलानाथ श्रेष्ठ, केन्द्रिय स्कूल विभाग सचिव घनश्याम कोइराला, सदस्य रामशरण प्याकुरेल, शंकर महतो लगायतकाले आ–आफ्ना विचार प्रस्तुत गरेका थिए । मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रम प्रदेश सचिव मनोज पौडेलको सहजीकरण र स्वागत उपाध्यक्ष विचारी यादवले गरे । सो कार्यशाला गोष्ठीमा प्रदेश इन्चार्ज, प्रदेश पदाधिकारी, प्रदेश स्कूल विभागका सदस्य, जिल्ला इन्चार्ज, स्कूल विभाग प्रमुख, जनसंगठनका प्रदेश अध्यक्षलगायतकाहरुको सहभागिता रहेको थियो ।

# अब गणतन्त्रवादी शक्ति एक हुनुपर्ने बेला आएको छः मन्त्री सुडी

**काठमाडौँ ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले संविधानको रक्षाका निम्ति सम्पूर्ण गणतन्त्रवादी शक्तिहरु एकजुट हुनुपर्ने आवश्यकता औँल्याएका छन ।

'सातौँ राष्ट्रिय महिला अधिकार दिवस–२०८२' का अवसरमा महिला मन्त्रालयले आयोजना गरेको कार्यक्रममा उनले पछिल्लो समय वर्तमान राजनीतिक व्यवस्थाप्रति विभिन्न टीका–टिप्पणी हुने गरेको उल्लेख गर्दै व्यवस्था रक्षाका निम्ति गणतन्त्रवादी राजनीतिक दल, नागरिक समाज र आम नागरिकबीच एकता हुनुपर्नेमा जोड दिए ।

संविधानमा उल्लेख सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी÷समानुपाति र धर्मनिरपेक्षतालगायत प्राप्त उपलब्धि जोगाउनुपर्ने अहिलेको आवश्यकता रहेको मन्त्री सुडीको भनाइ छ ।

उनले महिलाको सवालमा संसदमा ३३ प्रतिशतको सुनिश्चितता र शासन प्रणाली र निर्वाचन प्रणालीलगायत प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकारका निम्ति सम्पूर्ण महिलाहरु एकजुट हुँदै सङ्घर्ष गर्नुपर्ने आवश्यकता पनि औँल्याए । मन्त्री सुडीले भने, 'जबसम्म महिलाहरु आर्थिक रुपमा सम्पन्न हुँदैनन् र उनीहरुले पुरुष समान अधिकार पाउँदैनन्, तबसम्म समृद्ध नेपाल निर्माण हुन सक्दैन, त्यसकारण महिलाको उद्यमशीलताका लागि महिला मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।' महिलाको संवैधानिक अधिकारको कार्यान्वयनसँगै महिलालाई हेर्ने देष्टिकोणमा सकारात्मक परिवर्तन गर्नुपर्ने उनको भनाइ छ । 'महिला र पुरुषबीच समानताका लागि परिवारबाटै छोरा÷छोरीलाई समान अधिकारको सुरुआत गर्नुपर्छ, तर हाम्रो समाजमा बाबुआमाबाटै छोरा र छोरीलाई विभेद गर्ने प्रचलन अझै हटेको छैन, त्यसलाई हटाउन जरुरी छ', मन्त्री सुडीले भने ।

प्रतिनिधिसभा, महिला तथा समाजिक समितिका सभापति किरणकुमार शाहले अहिले पनि समाजमा अवशेषका रुपमा रहेको बालविवाह, छाउपडी र बोक्सी प्रथा अन्त्यका निम्ति समितिले काम गर्दै आएको बताए । राष्ट्रको समृद्धिका निम्ति राज्यको हरेक संरचनामा महिलाको जनसङ्ख्याको आधार ५० प्रतिशत महिलाको सहभागिता संवैधानिक र कानुनी रुपमा सुनिश्चित गर्नुपर्ने धारणा राखे ।

राष्ट्रिय महिला आयोगका कार्यवाहक अध्यक्ष कृष्णकुमारी पौडेल खतिवडाले सदनमा जस्तै कार्यपालिकामा पनि महिलाको ३३ प्रतिशत सहभागिताको संवैधानिक रुपमा सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।

त्यसैगरी, स्थानीय तहमा ४१ प्रतिशत महिलाको सहभागिता छ । 'महिला अधिकारको सम्मानः आत्मनिर्भरता हाम्रो अभियान' भन्ने मूल नारासहित देशैभरि विभिन्न कार्यक्रम गरी मनाइएको छ ।रासस


## श्री शिव शंकर जनता माध्यमिक विद्यालय इटहर्वा
विदेह नगरपालिका-९, इटहर्वा
### सहायक लेखापाल पदपूर्ति सम्बन्धी सूचना

यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिको बैठक मिति २०८२।०२।१६ गतेको निर्णय अनुसार संघीय अनुदान कोटामा विद्यालय सहायक पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुले सूचना प्रकाशित भएको १५ दिन भित्र आवेदन दिनको यो सूचना प्रकाशन गरिएको सबैमा जानकारी गराईन्छ।

**तपसिल**

१. विज्ञापन नं. ०६/२०८१/०८२
२. पद : सहायक लेखापाल
३. नियुक्तिको प्रकार : करार
४. सेवा सुविधा : प्रचलित नियम बमोजिम
५. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
६. शैक्षिक योग्यता : व्यवस्थापन संकायतर्फ प्रविणता प्रमाण-पत्र वा सोसरह
७. पद संख्या : १ (एक)
८. परीक्षा दस्तुर : १०००।- (एक हजार) मात्र।
९. दरखास्त बुझाउने अन्तिम मिति : २०८२/२/३० गते।
१०. सम्पर्क मिति : पछि तोकिने छ।
११. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक
१२. आवश्यक कागजातहरु :
- नेपाली नागरिकताको प्रतिलिपि - २ थान
- शैक्षिक योग्यताको छापा प्रति - २-२ थान सबैको
१३. स्थानः श्री शिव शंकर जनता मा.वि. इटहर्वा, विदेह न.पा.-९ इटहर्वा
१४. सम्पर्क नं. : ९८०४८६८४३६, ९८४४४५४८१४



## श्री शिव शंकर जनता माध्यमिक विद्यालय इटहर्वा
विदेह नगरपालिका-९, इटहर्वा
### शिक्षक पदपूर्ति सम्बन्धी सूचना

यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिको बैठक मिति २०८२।०२।१६ गतेको निर्णय अनुसार संघीय अनुदान मा.वि. कोटामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक महानुभावहरुले तपसिल बमोजिम योग्यता पुगेका व्यक्तिहरु समयमा सम्पर्क गर्नुहुन जानकारीको लागी यो सूचना पुनः तेस्रो पटक प्रकाशित प्रकाशित मिति : २०८२।२।१६ गते प्रकाशन गरिएको छ।

**तपसिल**

१. विज्ञापन नं. ०५/०८१/०८२
२. नियुक्तिको प्रकार : करार
३. पद : संघीय अनुदान मा.वि. तृतीय श्रेणी
४. पद संख्या : २ (दुई)
५. विषय : अङ्ग्रेजी र विज्ञान
६. शैक्षिक योग्यता : अङ्ग्रेजीका लागि वि.एड वा सो सरह र विज्ञानका लागि वि.एस.सी. वा सोसरह
७. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
८. दस्तुर : १०००।- (एक हजार) मात्र।
९. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक
१०. आवश्यक कागजातहरु :
- नेपाली नागरिकताको प्रतिलिपि - १ थान
- शैक्षिक योग्यताका सम्पूर्ण कागजातहरुको फोटोकापी एक-एक थान।
११. अनुभव भएको : अनुभव भएको प्रमाण-पत्र
१२. दरखास्त बुझाउने अन्तिम मिति : २०८२/२/२२ गते। कार्यालय समय भित्र।
१३. निरोगिता : निरोगिता प्रमाण-पत्र
१४. तलब : प्रचलित नियम अनुसार
१५. सम्पर्क मिति : २०८२/२/२३ गते
१६. सम्पर्क नं. : ९८०४८६८४३६, ९८४४४५४८१४
१७. स्थानः श्री शिव शंकर जनता मा.वि. इटहर्वा, विदेह न.पा.-९ इटहर्वा

# मन आनन्दित बनाउने कुष्माण्ड सरोवर त्रिवेणीधाम



वीरेन्द्र रमण

सृष्टिको श्रोत नै शक्ति हो । वास्तवमा अहिलेसम्मको सामाजिक संरचनाको निर्माण त्यही श्रोतबाट भएको छ । हाम्रो सामाजिक बनौटसमेत यसैमा टिकेर अगाडि बढिरहेको छ । जसकारण अहिले हाम्रो समाज तिनै श्रोतमा आधारित भएर सञ्चालन भइरहेको छ । आदि शक्तिलाई सृष्टिको श्रोतको रुपमा मान्ने गरिन्छ । जो अविरल र अविछिन्नरुपमा चल्दै आएका छन् । तर समाजमा हरेक उपासना पदतिमा फरकरुपमा शक्तिलाई स्वीकार गरेको अवस्था छ । प्रत्येक सम्प्रदायमा, आदि पराशक्तिलाई विभिन्न रूपमा पूजा गरिन्छ, शाक्त सम्प्रदायमा, उनी आफैँलाई ब्रह्मा–शक्तिको रूपमा पूजा गरिन्छ, जसमा दुई कुल छन्, काली कुल र श्री कुल । केही अन्य शाक्तहरूले भगवती दुर्गालाई आदिशक्ति मान्छन् ।

वैष्णव सम्प्रदायका अनुसार भगवती श्री महालक्ष्मी र उनका अवतारहरू राधा, सीता, रुक्मिणी आदि शक्ति हुन् भने शैव सम्प्रदायले देवी पार्वती वा शाकम्भरीलाई आदिशक्तिको सगुण स्वरूप मान्छन् भने शिख सम्प्रदायले शक्तिलाई निर्गुण मान्छन् । पुख् चन्दको शक्ति अक्षु चन्दको शक्ति हो ।

देवी भागवत, अथर्ववेद, मार्कण्डेय पुराण जस्ता प्राचीन ग्रन्थका अनुसार देवी आदिशक्ति नै मूल हुन् ।

सर्वप्रथम, प्रश्न उठ्छ कि शक्ति के हो ? यसको उत्तर यो हो कि ‘सबैको अस्तित्व प्रकाशको रूपमा शक्ति हो ।’ सबैलाई आदिम भन्नुको अर्थ यो हो कि ब्रह्मा, विष्णु र ईश्वरको पनि कुनै सुरुवात छैन । यस अर्थको समर्थनमा मार्कण्डेयजीले पनि यही कुरा भन्नुहुन्छ ।

सवस्याद्या महालक्ष्मास्त्रगुणा परमेश्वरी ।

लक्ष्यालक्ष्यस्वरूपा सा व्याप्य कृत्तं व्यवस्थिता ।।

अर्थात्, त्रिगणविष्ट परमेश्वरी महालक्ष्मी सबैको मूल कारण हुन् । उनको रूप प्रकट र अव्यक्त दुवै छ । उनी सबै दृश्य वस्तुमा व्याप्त भएर अस्तित्वमा छिन् । प्रकाशरूपा शब्दको अर्थ हो कि उनी स्वयम् प्रकाशित छिन् र उनको भित्र अरू कसैको प्रकाश छैन ।



यिनै शक्ति स्वरुपामध्ये एक हुन हेटौँडामा रहेको कुष्माण्ड सरोवर त्रिवेणीधाम । जो एउटा शक्ति स्वरुपा देवीको ऐतिहासिक स्थलका रुपमा समेत रहेको छ । यसो त हेटौँडा नै ऐतिहासिक ठाउँ हो । भित्री मधेश भनिए पनि महाभारतकालीन धार्मिकस्थलमध्ये एक हो ।



महाभारतकालीन किम्बदन्ती अनुसार पाण्डवहरू वनबासक्रममा आमा कुन्तीको सहमतिमा भीमले राक्षस हिडिम्बासित विहे गरेपछि हिडिम्बाको कोखबाट जन्मेको पुत्र घटोत्कच र हिडिम्बाको बासस्थान यसै स्थानमा भएको नाताले उनीहरूकै नामबाट यस ठाउँको नाम हेटौँडा रहेको भन्ने जनविश्वास छ । साथै, भुटनदेवी मन्दिर पनि हेटौँडाको नामाकरण अर्थात् महाभारतकालीन किम्बदन्तीसँग जोडिएको विषय हो । यसको स्थापना कसले कहिले गरे भन्ने यकिन तथ्य नपाइए पनि मन्दिरसँग जोडिएका केही प्रसङ्गका आधारमा हेटौँडाको इतिहासको अनुमान लगाउन सकिन्छ । एक भनाइ अनुसार, हिडिम्बाले नरबली चढाउने देवीको मन्दिर यही हो, जहाँ १४ वर्षको वनबासको समयमा भीमलाई घटोत्कचले नरवली दिन लिएर जान्छन् । त्यही बेला नै हिडिम्बा र भीमको दोश्रो भेट हुन्छ र हिडिम्बाले घटोत्कच भीमको पुत्र भएको रहस्य बताएकाले नरबली नदिएको भन्ने भनाइ छ । महाभारतकालीन समय भनेको आजभन्दा करिब ५ हजार वर्ष पहिलेको समय भएकाले यो स्थान मानव बसोबासको हिसाबले धेरै पुरानो ठाउँ मानिन्छ । यो क्षेत्र पहिले सेन राज्यभित्र पर्दथ्यो । मकवानपुरगढी सेनले नै बनाएका हुन् । गढीमा सिक्रीले बाँधिएको बंशगोपालको मूर्ति र हटिया राजदेवीमा भएको राजदेवीको मन्दिरबीच सम्बन्ध देखिन्छ । सेनहरूले नै राजदेवी मन्दिर स्थापना गरेका थिए । अहिलेको हटिया हर्ना क्षेत्र सेनका पालामा खेतीपाती हुने ठाउँ थियो । यस आधारमा भन्नुपर्दा हेटौँडाको पूर्वी भेगमा आजभन्दा करिब ४ सय वर्ष अघिदेखि मानव बसोबास थियो भन्न सकिन्छ । सोबाहेक अन्यत्र स्थानमा घना जंगल थियो । त्यही जंगलका आडमा अंग्रेज सेना शिखरकटेरीसम्म पुगेको कुरा नेपालको इतिहासमा उल्लेखित छ । मकवानपुरगढी भन्दा केही तलको भागमा रहेको शिखरकटेरीमा नेपाली सेना र अंग्रेज सेनाबीच सुगौली सन्धीअघि भीषण युद्ध भएको थियो । जुन युद्धमा नेपाली सेनाले विजय प्राप्त गरेको थियो । हेटौँडाको मुख्य बजार क्षेत्रको मानव बसोबासको सुरूवात पुरानो मकवानपुर रोडको पश्चिम छेउमा रहेको पीपलबोट (हाल पीपलबोट ढलिसकेको) र हालको सानोपोखरा चोकको आसपासमा केही घर पसलबाट शुरू भएको हो ।

ऐतिहासिक महत्व बोकेको कुष्माण्ड सरोवर त्रिवेणीधाम धार्मिक मान्यताका आधारमा कुशको जराबाट उत्पत्ति नै चुरियामाईलाई शिर बनाएर उत्तरतर्फ बगिरहेकी कौशवाही उत्तर बाहिनी नदी वंशगोपाललाई शिर बनाएर बगिरहेकी कर्णावती नदी र लटरम्भेश्वर तथा त्यो मुकुट पर्वतको ऋषेश्वर आदिलाई शिर बनाएर बगिरहेकी रत्नावती तथा समरावतीसमेत तीन नदीको संगममा हेटौँडा उपमहानरपालिका सिमानामा अवस्थित पवित्र सत्य सनातन धार्मिक ग्रन्थको स्कन्द पुराणको हिमवत खण्ड महाभारतको आदि पर्व, वन पर्व, वराह पुराण, वायु पुराण आदिमा यस त्रिवेणीधामको महिमा वर्णन गरेको पाइन्छ ।




रत्नावती, कर्णावती र कौशवाही नदीको सङ्गमस्थलमा कुष्माण्ड सरोवर अवस्थित छ । तीन नदीको सङ्गममा बसेर कुष्माण्ड भगवतीले तपस्या गरेर सिद्धि प्राप्त गरेको भनी स्कन्दपुराणको हिमवत् खण्डको ७६ औँ श्लोकमा उल्लेख भएको हुँदा यस पवित्र भूमिमा कुष्माण्ड भगवतीको स्थापना गरी १०८ गौमुखी धारा स्थापना गरिएको छ । सरोवर वरिपरी निर्माण गरिएको ऐतिहासिक सम्पदाका कारणसमेत यस मन्दिरलाई भव्य बनाएको छ । यहाँ माघ स्नान गर्ने र कार्तिक महिनामा कुभिन्डो दान गर्ने प्रचलन छ । मन्दिर परिसरभित्र हेटौँडा उपमहानगरपालिका, बागमती प्रदेश पर्यटन मन्त्रालयलगायतको सहयोगमा स्थापना भएको शिशमहल सर्वसाधारणका लागि २०७८ माघ महिनाबाट खुला गरिएको छ । मन्दिरको हाताभित्र भगवतीको मूर्ति, जलाशय, पार्क छन् । यहाँ आन्तरिक तथा बाह्य पर्यटकको समेत बाक्लो उपस्थिति हुने गरेको छ ।

यस क्षेत्रको विशेष आकर्षणका केन्द्र हुन्, १०८ गौमुखी धारा, बोटिङ, शिशमहल पार्कलगायत । कुष्माण्ड सरोवरमा हेटौँडाको इतिहास झल्काउने हेडम्बा नगरीको आकृति निर्माण गरिएको छ । पार्क भित्रीभागमा अवस्थित शिशमहल अर्को आकर्षणको केन्द्र हो । यहाँ भित्रै पाँच पाण्डवले भगवतीलाई परिक्रमा गरिरहेको आकृति छ । यसै परिसरमा नेपालको नक्सा बोकेको महिलाको आकृति छ, जसले कोहीलाई लोभ्याउँछ । परिसरमा रहेको नेपाल धर्तीमाताले नेपालको नक्सा बोकेर बसेको फोटो झनै आकर्षक छ । ‘हेटौँडा’ नामाकरण इतिहास बुझ्न सहज होस्’ भनेर यहाँ पाँच पाण्डव र हिडम्बालाई भीमसेनले आक्रमण गरिरहेको आकृति निर्माण गरिएको छ । यहाँ आउने पर्यटकलाई यस स्थानको विषयमा जानकारी दिने उद्देश्यले १० मिनेटजतिको विद्युतीय चलचित्रसमेत देखाइने गरिएका कारणसमेत यस स्थानलाई थप आकर्षक बनाएको छ ।

कुष्माण्ड भगवती मन्दिर, गणेश मन्दिर, ब्रह्मकुण्ड, विष्णुपादुका, १ सय ८ गौमुखी धारा, कुष्माण्ड भगवती सरोवर, शिवालय, राधाकृष्ण मन्दिर, हवन कुण्डलगायत सुन्दर बगैँचा निर्माण गरिएका छन् । धामको एकछेउ पहिलेदेखि चल्दै आएको दाहसंस्कार व्यवस्थित गरेर निरन्तरता दिइएको छ । जहाँ दाहसंस्कारका लागि स्थान बनाइएको छ भने क्रियापुत्री भवनसमेत छ ।

स्थानीय ईश्वरी न्यौपानेको अनरवत लगावकै कारण यो ऐतिहासिक महत्व रहेको स्थान व्यवस्थितरुपमा पर्यटकीय स्थलका रुपमा विकास भएको छ । यहाँ अहिले दिनहुँ सैयौँका संख्यामा पर्यटक आउने गरेका छन् । जहाँ हिजोसम्म उजाड बगर र मसानघाट थियो । यही स्थल अहिले असीम शान्तिस्थलका रुपमा विकास भएको छ । पवित्र तीर्थस्थल बनेको छ । घाटलाई सबैको सहयोगबाट धाम बनाउन सम्भव भएको छ । जहाँ जाँदा एउटा ऐतिहासिक महत्वको स्थलमा आएको र पूरै धार्मिक महत्व र वातावरण रहेको कारण मन आनन्दित तुल्याउने गरेको छ ।

# गणतन्त्र स्थापनाका १७ वर्षः सुशासन, विकास र समृद्धिको अपेक्षा



शीतलप्रसाद महतो

विश्वभरि नै गणतन्त्रलाई उच्चतम् लोकतान्त्रिक शासकीय व्यवस्थाका रुपमा मान्दै आएको छ । समुन्नत, समृद्ध र सुशासनयुक्त मुलुक बनाउने महान् लक्ष्य र अभिभारा पूरा गर्ने अठोटसाथ नेपालमा गणतन्त्र भित्रिएको हो । वास्तवमा यो एउटा व्यवस्था मात्रै नभई नागरिक चेतनाको द्योतक पनि हो। अढाई सय वर्ष लामो तत्कालीन शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थालाई अन्त्य गर्न नागरिकले विभिन्न माध्यमबाट गरेको सङ्घर्षको सफलतास्वरूप २०६५ जेठ १५ को संविधानसभा बैठकले गणतन्त्र नेपालको घोषणा गरेको थियो। यस अर्थमा नेपालीले आफूलाई चेतनशील नागरिकका रूपमा अभिलिखित गरेको १७ वर्ष पूरा भएको छ। नेपाली जनतालाई स्वतन्त्रता, उदार सामाजिक न्यायसहितको समावेशी समानुपातिक लोकतान्त्रिक गणतन्त्रसहित नागरिक सर्वोच्चता प्राप्त भएको त्यो दिनलाई नेपाली जनताले गणतन्त्र दिवसका रुपमा मनाउँदै आएको छ । यो वंशीयतन्त्रलाई जनताले जितेको उत्सव पनि हो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रले समुन्नत भविष्यका लागि एकताबद्ध भएर अगाडि जान जनतालाई सम्पूर्ण राजनीतिक अधिकारको सुनिश्चित गरेको छ । नागरिकका समस्या शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, सामाजिक सुरक्षाको प्रत्याभूतिसहित गरिबीको अन्त्यसँगै विश्व मञ्चमा नेपाल र नेपालीको प्रतिष्ठालाई उँचो बनाउनुपर्ने लोकतान्त्रिक गणतन्त्रको प्रथम कार्यभार रहेको छ । जनअपेक्षा र जनभावनाअनुरुप चल्नु नै गणतान्त्रिक संविधानको मूल भावना भएकाले आमनागरिकको अधिकारप्रति अटुट आस्था राख्दै गणतान्त्रिक व्यवस्थालाई लोकतन्त्रको पोषकका रूपमा स्थापित गर्न पनि उत्तिकै आवश्यक छ । लोकतान्त्रिक गणतन्त्र राजनीतिक व्यवस्था मात्र नभई शासकीय पद्दति र जीवनशैली भएकाले उदारवादी आदर्शको उपजका रूपमा हेरिने गरिएको छ । यसरी राजनीतिक अधिकार प्राप्तिपछि अब मुलुकले सुशासन, विकास र अर्थतन्त्रमा सुधार खोजिरहेको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारस्तम्भका रूपमा नेपालमा सङ्घीयता, धर्मनिरपेक्षता तथा समानुपातिक समावेशी शासन प्रणालीको पनि अभ्यास गरिएको छ। यो व्यवस्था जति छिटो नागरिकसँग जोडिन्छ, सैद्धान्तिक उपलब्धि जति बृहत् र व्यावहारिक उपलब्धिमा परिणत हुनेछ, गणतन्त्र उति नै बढी बलियो, सशक्त र संस्थागत मात्र होइन, आर्थिक रुपले सबल र समृद्ध राष्ट्रका रुपमा रुपान्तरण हुन्छ । वास्तवमा कुनै पनि मुलुकको समृद्धि एक बहुआयामिक विकासको परिणाम हो । समृद्धि भनेको आर्थिक रूपले सम्पन्न हुनु र सामाजिक रूपले सुखमय जीवन हासिल गर्नु नै हो । अर्थात् समृद्ध मुलुकमा भएको विकासले नागरिकको सभ्य, स्वस्थ र धनधान्य गुणस्तरीय खुसी जीवन र सन्तुष्टि प्राप्त गर्नु हो ।

राजनीतिक स्वतन्त्रता र निर्भयतापूर्ण अभ्यासको सुनिश्चित, आधारभूत आवश्यकताको परिपूर्ति र आर्थिक स्वतन्त्रता, शासन प्रक्रियामा नागरिक सहभागिता, सर्वाङ्गीण विकास, वातावरणीय दिगोपना र सुशासन समृद्धिका आधारभूत पक्ष हुन् । त्यसैले समृद्धि हासिल गर्नु भनेको वर्तमान पुस्ताका साथै भावी पुस्ताको जीवन पनि सुखमय बनाउनु हो । नेपालको संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने उद्देश्य राखेको छ भने सोका लागि १६औँ पञ्चवर्षीय योजनाले समृद्धि र खुसी प्राप्त गर्ने लक्ष्य लिएको छ । तर समृद्धि सजिलै प्राप्त हुने विषय होइन, यसका लागि वर्षौं प्रयत्न गर्नुपर्ने पनि हुनसक्छ । सरकारको प्रतिबद्धता, सक्रियता, उत्तरदायित्व र धैर्य, कर्मचारीतन्त्रको इमानदार कर्मशीलता तथा नागरिकको सहभागिता नभएसम्म समृद्धि हासिल हुन सक्दैन ।

यसका साथै समृद्धिका लागि आमनागरिकको मौलिक हकअधिकारको उपयोग गर्ने कार्यलाई सुरक्षित वा प्रवद्र्धन गर्नुपर्छ र यो सङ्घीय लोकतान्त्रिक गणन्त्रात्मक शासन प्रणालीमा मात्र सम्भव हुन्छ । नागरिकका लागि नागरिकको सहभागितामा नागरिकले गरेको विकास नै लोकतान्त्रिक विकास हो । नागरिकको सार्वभौम अधिकार प्रयोग गरी निर्माण गरेको सरकार नागरिकको हितभन्दा बाहिर गएर काम गर्न सक्दैन । नागरिकले विकासको माग गर्ने र सरकार नागरिकका माग पूरा गर्न समर्पित हुने उत्तरदायी प्रणाली सङ्घीय लोकतान्त्रिक गणन्त्रात्मक व्यवस्थामा मात्र सम्भव हुन्छ ।

शासन प्रणाली, विकास र सार्वजनिक सेवा प्रवाहमा उत्तरदायित्व, पारदर्शिता, सहभागिता, नीतिगत स्थायित्व तथा विधिको शासनको खोजी गर्न नागरिक सक्षम हुनु सङ्घीय लोकतान्त्रिक गणन्त्रात्मक शासन प्रणालीको योगदान हो । उदारवाद शासन प्रणालीमा सरकारले निजी क्षेत्रलाई काम गर्ने स्पष्ट खाका दिएको हुन्छ । विकासको सङ्घीय लोकतान्त्रिक गणन्त्रात्मक प्रणालीले आम नागरिकलाई केन्द्रमा राखेर सरकार, निजी क्षेत्र तथा नागरिक समाज विकासका लागि हातेमालो गर्दछन् । राजनीतिक र आर्थिक अधिकार प्रयोग गर्नसक्ने गरी नागरिकको सशक्तीकरण गरिएको हुन्छ । नागरिक विकास प्रक्रिया र परिणाममा सहभागी बन्न र सम्पूर्ण उपलब्धिको आलोचना गर्न स्वतन्त्र हुन्छन् । यसकारण समग्रमा सहभागितामूलक विकास दिगो र लोकतान्त्रिक हुन्छ । लोकतान्त्रिक विकास सुशासन र समृद्धिको पक्षधर पनि हो ।

राजनीतिक दृष्टिमा कोही जन्मिँदै विशिष्ट हुने, कसैले नागरिकको दर्जासमेत नपाउने अवस्था यो व्यवस्थामा हुँदैन। समान राजनीतिक धरातलमा जनविश्वास आर्जन गर्ने व्यक्ति वा पार्टीले जनताको नेतृत्व गर्छन् र आफ्ना निर्णय तथा गतिविधिका निम्ति आम निगरानीमा बस्छन्। त्यसैले गणतन्त्र नागरिकबीचको एकता र एकताबाट निर्धारित सामूहिक लक्ष्यतर्फको यात्रा हो। मुलुकमा गणतन्त्र घोषणापछि नागरिकको शिक्षा र स्वास्थ्यमा पहुँच बढेको छ। प्रतिव्यक्ति आय र क्रयशक्ति बढेको छ। यसले गर्दा मानिसका आकांक्षा पूरा हुने सम्भावना बढेको छ। राज्यको निकायमा उल्लेखनीय संख्यामा रोजगारी सिर्जना हुन नसकेको भए पनि निजी क्षेत्रका कारण रोजगारीको क्षेत्र र संख्यामा बढोत्तरी भएको छ। व्यक्ति स्वयंले आफ्नो क्षमताअनुसार नयाँ व्यवसाय सुरु गर्ने वातावरण तयार भएको छ। अन्तरराष्ट्रिय समुदायसँगको सम्पर्क र अनुभव आदानप्रदान बढेको छ। बाटोघाटोको पहुँच बढेको छ। गणतन्त्र अगाडि सीमित सहरी वर्गको पहुँचमा रहेको सूचना प्रविधिमा त अहिले क्रान्ति नै आएको छ। आज गाउँघरमा मानिससमेत सूचना प्रविधिका माध्यमबाट संसारसँग जोडिएका छन्।

यसैगरी अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित छ। शासकप्रति नागरिकको निगरानी बढेको छ। यी सबै सूचकले गणतन्त्रको अपरिहार्यता देखाएको छ । यसलाई अझ बढी जनकेन्द्रित बनाउनुपर्ने आवश्यकता छ । गणतन्त्रको सैद्धान्तिक मर्मअनुसारकै शासकीय अभ्यासका लागि भने गणतन्त्रको परिपक्वता अनिवार्य छ। अभ्यासका क्रममा देखिएका विकृति र बेथितिलाई नष्ट गर्दै अघि बढ्न आवश्यक छ। १७ वर्षको अनुभवमा सङ्घीय लोकतान्त्रिक गणन्त्रात्मक शासन प्रणालीलाई सशक्त, प्रभावकारी र जनकेन्द्रित बनाउनका लागि अवरोध सिर्जना गर्ने समस्याको पहिचान नागरिकले गरेकै छन्। गणतन्त्रले सार्वजनिक सेवा प्रवाहमा आज जति धेरै योगदान गर्न सक्थ्यो, त्यति नहुनुमा दल र नेता नै जिम्मेवार छन्। अपरिपक्व राजनीति तथा सार्वजनिक प्रशासनले सुशासनको अनुभूति दिन नसक्दा हाम्रो विकास लक्ष्यलाई परिणाममा रूपान्तरण गर्न नसक्दा सङ्घीय लोकतान्त्रिक शासन प्रणालीले ठूलो मूल्य चुकाउनु परिरहेको छ । यसले गर्दा नागरिकमा गणतन्त्रको नयाँपन अनुभूत हुनै पाएन। गणतन्त्रमा पनि राजनीतिक दल र नेतृत्वमा जवाफदेहिताको अभाव रह्यो। नागरिकले आलोचना गरेका कैयौँ निर्णयहरू उनीहरूले आफ्नो शक्ति र बलमिच्याइँका आधारमा गरेका छन्। नेतृत्वको जीवनशैली अपारदर्शी छ। आर्थिक पछौटेपनमा बाँच्नुपर्ने र भ्रष्टाचार, अनैतिकता र असुरक्षा टुलुटुलु हेरेर बस्नुपर्ने स्थिति देखिएको छ । असल सरकार र असल व्यवहारको योगफललाई सुशासन भनिन्छ । संयन्त्र बलियो र व्यवहार राम्रो भयो भने मात्र सुशासन, विकास र समृद्धिको ढोका खुल्छ ।

राज्यको शासन प्रणालीमात्र परिवर्तन गरेर सुशासन, विकास र समृद्धि हासिल हुँदैन । सरकार नेतृत्व गर्ने राजनीतिक दल र नेतृत्वको व्यवहार पनि सुशासन, विकास र समृद्धि अनुकूल हुनुपर्दछ । सरकारले देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाको मूल्याङ्कन गरेर सुशासनका सिद्धान्त अवलम्बन गर्दै गएको खण्डमा सुशासन, विकास र समृद्धिले गति लिने स्पष्ट देखिन्छ । सुशासन, विकास र समृद्धिका लागि राजनीतिक र प्रशासनिक नेतृत्वलगायत नागरिक समाज र आमनगरिकको दृष्टिकोणमा नै परिवर्तन हुनुपर्दछ । त्यसैले विकास र समृद्धिका लागि असल सरकार, राष्ट्रिय सङ्गठनहरूको प्रतिस्पर्धात्मक क्षमताको विकास, सामाजिक पुँजी (मानव संसाधनको ज्ञान, सीप र क्षमताको विकास) निर्माण, सानो तर सक्षम सरकार, सुधारोन्मुख प्रशासन र लोकतान्त्रिक शासनको सुअभ्यास, सुव्यवहार जस्ता रणनीति अवलम्बन गरेमा मात्र मुलुकमा सुशासन, विकास र समृद्धि भित्रियाउन सकिन्छ ।

सुशासन, विकास र समृद्धिका लागि सक्षम सरकारको आवश्यकता पर्दछ । सक्षम सरकारको लागि शासन प्रणालीमा व्यापक सुधार गर्नुपर्ने हुन्छ । त्यसका लागि लोकतान्त्रिक वातावरणमा जनताको जीवनस्तर उकास्न उत्पादन वृद्धि, अवसरको न्यायोचित वितरण, रोजगारी प्रवद्र्धन एवं सुशासन कायम गर्नुपर्ने दायित्व राज्य सञ्चालनका तीनवटै तहका सरकारको जिम्मेवारी छ । यसका लागि नीतिगत तथा कानूनी रूपमा राम्रो वातावरण बनाउनुपर्छ । निजी क्षेत्रले जनताको हित हुनेगरी लगानीको अवसर उपयोग गर्नुपर्छ । नागरिक समाजले शासन प्रक्रियामा आम नागरिकको रचनात्मक सहभागितालाई परिचालन गर्न सक्नुपर्छ ।

आजको पुस्तालाई बलियो अर्थतन्त्रसहितको समृद्धि सुनिश्चित गर्दै आउने पुस्तालाई सबल, एकताबद्ध, मौलिक चरित्रसहितको उदार राज्य र उच्चतम लोकतान्त्रिक संस्कृति दिने सङ्कल्प सरकार, राजनीतिक दल, त्यसका नेतृत्व, निजी क्षेत्र र नागरिक समाजलगायत सबैले गर्नुपर्दछ । समाजका सबै तह र तप्कामा गणतान्त्रिक जीवनशैली विकास भई नागरिक तहमा गणतन्त्र संस्थागत गर्ने जागरण पैदा गराउनुपर्ने आजको आवश्यकता छ । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले विकास, सुशासन, समृद्धि र राष्ट्रिय स्वाभिमानलाई केन्द्रबिन्दुमा राखेर हरेक नेपाली नागरिकलाई राष्ट्र निर्माणमा समेट्न सक्नुपर्ने अर्जुनदृष्टि सबै राजनीतिक दल र प्रशासनिक नेतृत्वमा हुनुपर्दछ ।

# संरक्षणको पर्खाइमा सेल्मे फलाम खानी



शीतलप्रसाद महतो

नेपाल खनिज पदार्थको राम्रो सम्भावना बोकेको देश हो । देशका धेरै ठाउँमा फलाम खानी रहेका छन् । कतिपय फलामलगायतका खनिज उद्योगहरु सञ्चालनपश्चात् बन्द भएका पनि छन् । आफ्नै देशमा रहेका फलाम खानी बन्द हुँदा बाह्य मुलुकबाट फलाम आयात गर्नुपर्ने देशको बाध्यात्मक अवस्था छ । यस्तै चपेटामा परेको छ भोजपुर जिल्लाको टेम्केमैयुङ गाउँपालिका–९ मा रहेको 'सेल्मे फलाम खानी' ।



विसं २०१३ सम्म सञ्चालनमा रहेको सेल्मे फलाम खानी अहिले बन्द छ । करिब १५० वर्षको इतिहास बोकेको यो खानी अहिले बन्द अवस्था छ । बन्द भएको लामो समयपछि अहिले यो फलाम खानी सञ्चालनका लागि राज्यले ध्यान दिनुपर्नेमा स्थानीयवासीले माग गरेका छन् । दशकौँ अघिसम्म यहाँका कालिगडले यहीँ उत्पादन भएको फलामबाट सामग्रीहरु बनाउँदै आएका थिए । यहाँको फलाम खानी बन्द भएपछि अन्यत्रबाट ल्याइएको फलाममा निर्भर बन्नुपर्ने अवस्था रहेको स्थानीय कालीगडहरु बताउँछन् । राज्यले आवश्यक सम्भावनाको खोज अनुसन्धान गरेर यहाँको खानी सञ्चालन गरिदिए सहजता हुने उनीहरुको भनाइ छ ।

सेल्मे फलाम खानी सञ्चालनमा ल्याउन राज्यले ध्यान दिनुपर्ने स्थानीयले माग गरेका छन् । तत्कालीन समयमा जिल्लासँगै बाह्य जिल्लामासमेत यहाँबाट निकालिएको फलाम निर्यात हुने गरेको स्थानीय जानकारहरु बताउने गर्दछन् ।

सेल्मे फलाम खानी ऐतिहासिक फलाम खानी रहेकोले राज्यले आवश्यक अध्ययन गरेर उत्खनन्का लागि पहल गर्नुपर्ने स्थानीय कालीगड मनकुमार विश्वकर्मा बताउनुहुन्छ । सेल्मेको फलाम उत्कृष्ट मानिने उहाँको भनाइ छ । यहाँको फलाम खानीलाई सञ्चालनमा ल्याउनसके स्थानीयको आर्थिक अवस्थामासमेत सुधार आउने विश्वकर्माको भनाइ छ । 'राज्यले सेल्मे फलाम खानीको सञ्चालनका लागि अध्ययन अनुसन्धान गर्न आवश्यक छ,' उहाँले भन्नुभयो । यहाँ फलाम उत्खनन गरिएका खाल्डाहरुसँगै फलामका धाउ तथा किट अहिले पनि देख्न सकिन्छ । यहाँको फलामलाई निकै उत्कृष्ट फलामका रुपमा लिइन्छ । यहाँका फलामबाट सयौँ वर्षअघि निर्माण गरिएका सामग्री अहिले पनि गाउँघरमा पाइन्छ ।

अग्रजहरुले यहीँको फलाम प्रयोग गरेर कालीगड पेसा गरिरहेको भए पनि अहिलेको पुस्ताले बाहिरको फलाम खरिद गरेर पेसा धान्नुपर्ने अवस्था रहेको विश्वकर्मा बताउनुहुन्छ । सेल्मे गाउँका धेरैले व्यावसायिक रुपमा कालीगड पेसा गर्दै आएको भए पनि विभिन्न समस्याका कारण पेसा छोड्नेको संख्या बढ्दै भएको उहाँको भनाइ छ । यो खानी सञ्चालन भए स्थानीयस्तरमा रोजगारीको सिर्जना हुने उहाँको भनाइ छ ।

सेल्मेमा उत्खनन गरिएको फलाम निकै उत्कृष्ट रहेकाले अहिले पनि गाउँघरमा यहाँका फलामबाट निर्माण गरिएका सामग्री पाउन सकिने स्थानीय कालीगड हर्कराज विश्वकर्माले बताउनुभयो । आफ्ना पुर्खाले यही नै फलाम उत्खनन गरेर आवश्यक सामग्री निर्माण गर्ने गरेको उहाँको भनाइ छ ।

भोजपुरे खुकुरी भोजपुरको गौरव रहेकाले यहीँको फलामको प्रयोग गरेर उद्योग सञ्चालन गर्न सकिने अर्का कालीगड तीर्थकुमार विश्वकर्माको भनाइ छ । यहीँको फलाम प्रयोग गरेर खुकुरी बनाउन सके भोजपुरको पहिचानलाई विश्वसम्म पु¥याउनमा सहयोग पुग्ने उहाँको धारणा छ । 'भोजपुर खुकुरीले चिनिएको जिल्ला हो,' उहाँले भन्नुभयो, 'यहाँ धेरै प्रकारका भोजपुरे खुकुरी बन्छन् । विडम्बना यहाँको फलाम खानी बन्द हुँदा आयातित फलामबाट बनाउनुपर्ने अवस्था छ । यहिको फलामबाट बनाउने हो भने यसले छुट्टै महत्व झल्काउने थियो ।'

सेल्मे क्षेत्रका करिब नौ परिवारले अहिले पनि व्यावसायिक रुपमा कालीगड पेसा गरिरहेको छन् । 'बाजेबराजुले यहिको फलामबाट आरन उद्योग सञ्चालन गर्नु हुन्थ्यो,' उहाँले भन्नुभयो, 'हाम्रो पालोमा आउँदा खानी बन्द भएको अवस्था छ ।'

तीन–चार पुस्ताअघि अर्थात् करिब १५० वर्षअघिदेखि फलाम खानी सञ्चालन भएको र करिब २०१३ सालसम्म सञ्चालनमा रहेको वडाध्यक्ष नभराज माङ्गपाहाङ्गले बताउनुभयो । उहाँका अनुसार यहाँको सेल्मे, देवी खोला, छोक्लालगायत स्थानमा फलामको धाउ पाइन्छ । सेल्मे क्षेत्रमा रहेको फलाम खानीलाई पुनःसञ्चालन गर्न सकिएमा हजारौँलाई रोजगारी दिन सकिने सम्भावना रहेको उहाँको भनाइ छ । अहिले पनि यहाँको फलामबाट बनेका खुकुरी, कृषि औजार, कट्टी, खुर्पालगायतका साम्रगी गाउँघरमा भेटिन्छ ।"

देशकै सम्पत्तिका रुपमा रहेको सेल्मे फलाम खानीलाई सञ्चालनका लागि राज्यले ध्यान दिन जरुरी रहेको वडाध्यक्ष माङ्गपाहाङ्गले बताउनुभयो । यो फलाम खानी सञ्चालनको लागि प्रदेश सरकार र केन्द्र सरकारले ध्यान दिन आवश्यक रहेको वडाध्यक्ष माङ्गपाहाङ्गको भनाइ छ । 'यो खानी सञ्चालनका लागि वडा तहबाट काम गर्न सकिने अवस्था छैन,' उहाँले भन्नुभयो, 'हाम्रो तहबाट राज्यको निकायमा यहाँको सम्भावनाको विषयमा जानकारी गराइरहेका छौँ । यसलाई सञ्चालनमा ल्याउनसके भोजपुरको मात्र नभएर देशको आर्थिक अवस्थामा टेवा पुग्ने देखिन्छ ।'

# सगरमाथाको सुन्दरता र सुरक्षा



केपी शर्मा ओली

यतिबेला हामी समिटर समिट शिखर आरोहीहरुको शिखर सम्मेलनमा सहभागी भइरहेका छौँ । यस अवसरमा हामी यस क्षेत्रका समस्याहरुको पनि चर्चा गरिरहेका छौँ । यस क्षेत्रको विगत र वर्तमानको समीक्षा गरिरहेका छौँ र भविष्यका बारेमा पनि छलफल गरिराखेका छौँ। यस क्षेत्रको भविष्य कसरी सुरक्षित, सुन्दर र उन्नत बनाउन सक्छौँ, त्यसमा छलफल गरिरहेका छौँ।

अहिले सगरमाथा क्षेत्रमा फोहरमैलाको समस्या र त्यसलाई सफा गर्नुपर्ने समस्या। दुई राउण्ड हामीले त्यसको अभियान चलाइसक्यौँ। तर पनि त्यो सफा भइसकेको छैन। अझै पनि हामीले अभियानका रुपमा सगरमाथालाई सफा राख्ने प्रयासलाई निरन्तरता दिनुपर्नेछ । त्यसमा केही नीति नियम बनाउनुपर्नेछ । जसले लिएर जान्छ, उसले कुनै पनि फोहर त्यहाँ गर्न पाउँदैन र जे लिएर गएको हुन्छ, त्यो चिज यदि बिस्कुट बुझाउन ल्याउनुपर्छ बेसक्याम्पमा । यस प्रकारका नियम नराख्ने हो भने अर्को आरोही त्यही फोहर मात्रै सफा गर्नका लागि जानुपर्ने हुन्छ। एक जनाले फ्याँकेको फोहर सफा गर्ने अर्को दुई जना चाहिन्छ। त्यसो भएर फोहर सफाइको पनि बन्दोबस्त गर्ने हो कि ?

अहिले हामी ऐन र नियमको पनि संशोधन गर्दैछौँ । यसमा विभिन्न पक्षहरुका बारेमा छलफल गर्नेछौँ। त्यहाँ भइरहेको क्राउडका बारेमा, अघि भिडियोमा पनि हेर्यौँ, कति क्राउड देखिन्छ भन्ने कुरा। सगरमाथा अहिले पहिलेको जस्तो छैन, तेन्जिङ नोर्गे रहिलारी चढेको छैन । अहिले थुप्रै मानिसहरु चडेर बाटो बनाइसकेको छ, डोरी टाँगिसकेको छ। यस्ता थुप्रै कुराहरु भइसकेका छन्, त्यसकारण सजिलो भइसकेको छ । पहिलेजस्तो गाह्रो होइन। पहिले धेरै गाह्रो थियो। अहिले जो पनि चढुँला जस्तो र धेरै अभ्यास नै नगरिकन एकैचोटी सगरमाथा जाउला जस्तो गर्छ मान्छे, किनभने चढाइदिने शेर्पा छँदैछ, माथि पुर्याइदिहाल्छ भन्ने मान्छे ढुक्क छ । त्यो पनि एउटा हो । सोलु, सगरमाथा र शेर्पा तीन वटासँग गज्जब छ नि। सोलुमा सगरमाथा छ, सगरमाथा हिमाललाई शेर्पाले चिनेको छ, चढाइदिहाल्छन् भन्ने, जो पनि जान खोज्छन् । त्यति हल्का पनि अलिकति बनाउन भएन जस्तो लाग्छ।

द एमेन्डमेन्ट अफ ल इज रजिष्ट्रर्ड इन द नेशनल एसेम्बली अर अपर हाउस अफ द पार्लियामेन्ट । एण्ड र द रुल इज गोइङ द एमेन्डमेन्ट। इट इज अलरेडी इन द क्याबिनेट । सो, वी आर डिस्कसिङ एबाउट द एमेन्डमेन्ट अफ दिस् रुल्स एण्ड रेगुलेशन। हाउ वी क्यान इम्प्रुभ द सिचुएशन इन सगरमाथा, इन माउण्ट एभरेष्ट। हाउ वी क्यान मेक सगरमाथा क्लिनर एण्ड इजियर एण्ड भेरी सेफ टु...।

त्यसो भएर, केही गर्नुपर्ने कुराहरु छ भने नेपाल पर्वतारोहण सङ्घ छँदैछ, पर्यटन बोर्ड छँदैछ । त्यसकारण यी संस्थाहरुमार्फत सरकारलाई ठोस रुपमा सुझाव दिने उपयुक्त बेला भएको छ । किनभने ऐन र नियम संशोधन हुनका लागि प्रस्तावित भएका छन्। सरकारलाई यसमा धेरै केही लिनुदिनु छैन, यसमा राम्रो गर्नु मात्रै छ। अर्को कुनै स्वार्थ छैन । त्यसकारण राम्रो गर्नका लागि म यहाँहरुसँग सुझावहरु आमन्त्रण गर्न चाहन्छु र सुझावहरु दिनुस्। हामी राम्रो गर्नका लागि त्यसलाई संशोधन गर्छौं।

आरोहीहरुका अनुभवहरु पनि हामीले सुन्यौँ, सहभागीहरुका छलफल पनि सुन्यौँ, नेतृत्वका अभिव्यक्ति पनि हामीले सुन्यौँ र भिडियो पनि हेर्यौँ। सगरमाथाको अवस्था सुन्यौँ, अनुभव पनि सुन्यौँ । अवस्था भिडियोमा हेर्यौँ। त्यसकारण हामीले केही त गर्न पर्छ। तसर्थ, हामी यसका निम्ति सबैका प्रयासहरुलाई एक ठाउँमा ल्याउ भन्ने मेरो आग्रह छ।

मलाई खुसी लाग्छ, आठ हजार मिटरभन्दा माथि आरोहण गर्ने मौरिस हर्जोगलाई नेपाल एम्बेसी पेरिसमा भेटेर उहाँलाई सम्मान गर्ने मौका पाएको थिएँ। आइ मेट हिम, आइ फर्गेट द डेट बट आइ मेट हिम एण्ड अवार्डेड हिम फर हिज भेरी हिस्टोरीकल वर्क, मिस्टर मौरिस हर्जोग एण्ड हिज वाइफ।

फ्रेन्च साथीहरुमा पनि अरुतिर जस्तै हिमाल चढेका साथीहरु र हिमाल आएका, देखेका साथीहरुमा नेपालप्रतिको ज्यादै गहिरो भावना छ। जो पहिलो सगरमाथा आरोही हुनुहुन्थ्यो, जसले अलिक पछि नै चढ्नु भयो, १९७८ मा सगरमाथा आरोहण गर्नुभएको थियो। फस्ट फ्रेञ्च सिटिजन हु क्लाइम्ब द माउण्ट एभरेष्ट अर सगरमाथा वाज पिरमाजो, आइ गट अपरच्युनिटी टु मिट हिम एण्ड एक्सचेञ्ज ओपिनियन विथ हिम। द्याट वाज गुट अपरच्युनिटी फर मि।

मैले अरु साथीहरुलाई पनि भेट्ने मौका पाएको छु । क्लाइमरहरुसँग, सफल क्लाइमरहरुसँग कामीरितादेखि लिएर अरु थुप्रै साथीहरुसँग मैले भेट्ने र सम्मान गर्ने मौका पाएको छु। मलाई खुसी लागेको छ । सफलताका कथाहरु जोडिँदै जाउन् । प्रियप्रिय कुराहरु सुनिँदै जाउन् । अप्रिय कुराहरुको स्थिति नआओस् भन्ने कुरा हामी सोच्छौँ र सगरमाथा आरोहणले ७२ वर्ष पूरा गरेको छ। यो आगामी दिनमा अझ धेरै वर्षहरु बढ्दै जानेछन्, सफलताहरु बढ्दै जानेछन्। अवस्था, वातावरण र परिस्थितिलाई पनि हामीले अनुकूल त्यसैगरी बनाउँदै जानुपर्नेछ । यस काममा हामी सबैको साथ सहयोग आवश्यक छ। नेपाल सरकार यसप्रति कदम चाल्नका लागि प्रतिबद्ध छ । म यहाँहरु सबैलाई फेरि एकपटक धन्यवाद भन्न चाहन्छु, जो सम्मानित हुनुभएको छ, उहाँहरुलाई बधाई र शुभकामना भन्न चाहन्छु र जो सम्मानित हुनुभएको छैन, उहाँहरु धेरैलाई एकैचोटी सम्मान गर्न नसकिने भएको हुनाले, कोही ३० पटक चढिसकेँ, ३१ पटक चढ्नेलाई त सम्मान गर्न गाह्रो भयो नि। त्यसो भएर सम्मान गर्नुपर्ने ३० पटक चढ्नेलाई होइन र ? १० पटक चढ्ने होइन र ? ५ पटक चढ्ने होइन र ? ३ पटक चढ्ने होइन र ? अवश्य हो नि। अब ३१ पटक चढेपछि अरु तलकाले सम्मान पाउने त अलिक गाह्रो भयो, कठीन कुरा हुने भयो। त्यसो भएर अलिकति थोरै साथीहरुले मात्रै सम्मान पाउनुभएको हुनसक्छ भन्ने मलाई लाग्छ । थुप्रै साथीहरुले सम्मानयोग्य काम गर्नुभएको छ । धेरै नयाँ नयाँ कीर्तिमानहरु कायम गर्नुभएको छ । एउटा चेलीले एकै सिजनमा आउँदै जाँदै गरेर तीन पटक सगरमाथा केही समयभित्र सफलतापूर्वक आरोहण गर्नुभएको छ। त्यस्ता कीर्तिमानहरु छन् । छोटो समयमा सगरमाथा आरोहण गर्नुभएको छ । बिना अक्सिजन सगरमाथा आरोहण गर्नुभएको छ, त्यो दुनियाँका निम्ति आश्चर्यका कुरा हुन् । तर हामी केही केही कुराहरुमा होसियार पनि हुनु पर्दछ । अहिले केही अन्तर्राष्ट्रिय समाचार माध्यमहरुमा मैले सुनेको छु कि विभिन्न खालका कुराहरु डोपिङजस्तै केही औषधि खाएर चढ्यो। त्यस्तो हो भने त्यो नहोस् भन्ने म आग्रह गर्न चाहन्छु । त्यस्तो हुँदैन, सगरमाथासँग पनि बेइमानी ? यो त भएन। त्यसो भएर त्यस्ता कुराहरु यदि भयो भने त्यसलाई रोक्नुपर्छ र हामीले त्यस्ता कुराहरुमा ख्याल पनि गर्नुपर्छ।

समिटर समिटमा तपाईंहरुको यो उत्साहलाई, थकाइ नलागिकन अन्टायर्ड जस्तो निरन्तरको प्रयास र सहभागितलाई धेरै धेरै धन्यवाद भन्न चाहन्छु। सबैमा शुभ रहोस्। यो सफल भएको छ । सफलताको कीर्तिमानलाई अगाडि बढाउनुपर्छ। यसलाई अझ बढी अन्तरराष्ट्रियकरण पनि गर्दै जानुपर्छ र यसमा आकर्षण पनि बढोस् तर भिडन्तमा पनि नजाओस् । सगरमाथालाई धेरै सस्तो चिज बनाउनभन्दा अलिकति त्यसको वेट राख्ने तरिका पनि अवलम्बन गर्नुपर्छ भन्ने लाग्छ। (सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले १५ जेठ, २०८२ मा ७२औं अन्तरराष्ट्रिय सगरमाथा दिवसका अवसरमा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित स्वकीय सचिवालयबाट तयार गरिएको पूर्णपाठ)

# आगामी आवको बजेटमा यस्ता छन् वन मन्त्रालयका नयाँ कार्यक्रम



भीष्मराज ओझा

नेपाल सरकारले बिहीबार आर्थिक वर्ष २०८२–०८३ का लागि बजेट प्रस्तुत गरेको छ | उक्त बजेटअनुसार वन तथा वातावरण मन्त्रालयमा आगामी आवका लागि रु. १८ अर्ब ६१ करोड विनियोजन गरिएको छ |

यस पटकको बजेटमा सधैँ खटकिरहने तर पूरा हुन नसकेका धेरै विषय



समेटिएको वन मन्त्रालयले जनाएको छ | खासगरी मुलुकभरका वनजङ्गलमा काठ सडेर कुहिने तर कानुनी उल्झनका कारण बर्सेनि अर्बौका काठ आयात गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्ने विषय बजेटमा सम्बोधन गरिएको छ |

वनमन्त्री ऐनबहादुर शाही ठकुरीले रासससँग कुरा गर्दै आगामी बजेटमा वन क्षेत्रको भोगाधिकार दिँदा नापजाँच गरिएका रूखहरू कटान गर्नुअघि पुनः नापजाँच गर्नुपर्ने व्यवस्था हटाइने उल्लेख गरिएको बताउनुभयो | साथै सुकेका तथा ढलापडा रूखलाई सङ्कलन गरी प्रयोगमा ल्याउने विषय पनि बजेटमा सम्बोधन भएको उहाँले बताउनुभयो |

मन्त्री शाहीले भन्नुभयो, 'देशभित्रको काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन सिजनिङ उद्योगलाई प्रोत्साहन गरिनेछ | यस्तै, पुष्पलाल मध्यपहाडी राजमार्ग आसपासका क्षेत्रमा फर्निचर तथा भेनियर उद्योग स्थापना गर्न प्रोत्साहन गरिने बजेटमा उल्लेख छ |'

यसैगरी जैविक विविधता र वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण गर्न घाँसेमैदान तथा पानीका स्रोतको व्यवस्थापन गर्ने मध्यवर्ती क्षेत्रका बासिन्दाका लागि सामुदायिक विकास, आयआर्जन तथा रोजगारीका कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ |

मन्त्रालयले मानव वन्यजन्तु सहअस्तित्व कायम हुनेगरी मध्यवर्ती क्षेत्रको व्यवस्थापन गरिने व्यवस्था बजेटमा रहेको जनाएको छ | जङ्गली हात्तीको आक्रमणबाट हुने जनधनको क्षति रोकथाम गर्न हात्तीको प्राकृतिक मार्ग संरक्षण तथा नियन्त्रणका लागि आधुनिक प्रविधिसहितको 'सोलार फेन्सिङ' प्रयोग गरिने भएको छ |

'जडीबुटी उत्पादन, सङ्कलन, प्रशोधन, प्रयोगशाला प्रमाणीकरण र बजारीकरण गरी निर्यात प्रवद्र्धनमा जोड दिइनेछ | जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको पूर्वाधार विकास र व्यवस्थापन सुधार गरी उत्पादन क्षमता बढाइनेछ | यसका लागि रु. २० करोड विनियोजन गरिएको छ,' मन्त्री शाहीले भन्नुभयो |

## 'फुट फरेष्ट' कार्यक्रम सञ्चालन गरिने

सामुदायिक वन तथा राष्ट्रिय राजमार्गको दायाँबायाँ क्षेत्रमा फलफूल, जडीबुटी तथा उच्च मूल्यका वनस्पतिका वृक्षरोपण र संरक्षण गर्न समुदायलाई प्रोत्साहित गरिने बजेटमा उल्लेख छ | यस्तै, समुदायसँगको सहकार्यमा 'फुट फरेष्ट' कार्यक्रम सञ्चालन गरिने भएको छ |

चुरे तथा तराई–मधेसको जलचक्रलाई दिगो बनाउन जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन गरिने, गल्छी तथा सिमसार क्षेत्र संरक्षण, वन क्षेत्रमा वृक्षरोपण तथा प्राकृतिक पुनःस्थापना र पानीको सञ्चय तथा पुनर्भरणका कार्यक्रम सञ्चालन गरिने मन्त्रालयले जनाएको छ | त्यसका लागि रु. एक अर्ब ६९ करोड विनियोजन गरिएको मन्त्री शाहीले जानकारी दिनुभयो |

यसैगरी बजेटमा जैविक विविधताको संरक्षण र वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि समुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिने र डढेलो लगाउने व्यक्तिलाई कानुनको दायरामा ल्याउन सूचना दिने र निभाउन योगदान गर्ने व्यक्ति तथा समुदायलाई पुरस्कृत गरिने व्यवस्थासमेत गरिएको छ |

## वन मन्त्रालयको बजेट झण्डै तीन अर्ब वृद्धि

अघिल्लो आवको तुलनामा यस मन्त्रालयको बजेट रु. दुई अर्ब ९१ करोडले वृद्धि भएको छ | गत वर्ष वन मन्त्रालयका लागि रु १५ अर्ब ७० करोड बजेट विनियोजन गरिएको थियो | यस बजेटमा वन क्षेत्रको संरक्षण र वन पैदावारलाई राष्ट्रिय स्रोतका रूपमा सदुपयोग गरिने र पर्यावरण तथा जैविक विविधतामा प्रतिकूल असर नपर्ने गरी वन क्षेत्रको व्यावसायिक उपयोग र दिगो व्यवस्थापन गरिने उल्लेख छ |

वातावरण तथा जैविक विविधता संरक्षणमा नकारात्मक असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन क्षेत्रको प्रयोग र विकास आयोजना कार्यान्वयन गरिने भएको छ | सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्दा जग्गा व्यवस्थापन गर्न र रूख हुर्काउन लाग्ने रकमको एक प्रतिशत मात्र वन विकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ |

यस्तै, वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियालाई शीघ्र, सरल र सहज बनाइएको छ | आयोजनाको क्षेत्र निर्धारण र वातावरणीय प्रतिवेदन एकैपटक स्वीकृत गर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ | प्रतिवेदन स्वीकृत भएपछि कटान गर्नुअघि रूखको संख्या घटेमा वा १० प्रतिशतसम्म बढेमा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न नपर्ने व्यवस्था गरिएको मन्त्री शाहीले जानकारी दिनुभयो |

## पातलो प्लाष्टिकको उत्पादनमा रोक

प्लास्टिकजन्य पदार्थबाट हुने वातावरणीय प्रदूषण न्यूनीकरण गर्न आगामी मंसिर १ गतेदेखि लागु हुने गरी ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा रोक लगाएको छ | हाल सञ्चालित उद्योगमा यसअनुरूपको गुणस्तर वृद्धि गर्न 'डाइ' प्रतिस्थापनका लागि पुँजीगत अनुदान दिने व्यवस्था गरिएको छ |

काठमाडौँ उपत्यकालगायत देशका प्रमुख सहरहरूमा वायु प्रदूषण न्यूनीकरण गर्न कारखानाहरूमा प्रयोग भइरहेको परम्परागत 'बोइलर' लाई विद्युतीय प्रविधिमा रूपान्तरण गर्न निजी क्षेत्रलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने बजेटमा उल्लेख छ |

## सगरमाथा संवादका निष्कर्ष कार्यान्वयन गरिने

यस्तै, पग्लिँदै गरेका हिमाल, सुक्दै गएका हिमनदी र समग्र 'इकोसिस्टम'मा परेको प्रतिकूल प्रभावलाई दृष्टिगत गरी वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ | जलवायु न्यायको सिद्धान्तअनुरूप नेपालको हित संरक्षणका लागि अन्तरराष्ट्रिय मञ्चहरूमा पैरवी गरिने बजेटमा उल्लेख छ | मन्त्रालयले जलवायु कोषहरूमा वित्तीय पँहुच अभिवृद्धि गर्ने, सगरमाथा संवादका निष्कर्ष कार्यान्वयन गर्ने, विश्व समुदायसँगको सहकार्यमा जलवायु अनुकूलनका कार्यक्रमलाई प्रदेश र स्थानीय तहसम्म आन्तरिकीकरण गर्ने जनाएको छ |

कार्बन व्यापारका सबै आयामलाई समेट्ने गरी नीतिगत स्पष्टता ल्याइने, कार्बन उत्सर्जन न्यूनीकरणका प्रयासबाट सिर्जना हुने कार्बन क्रेडिटको यथार्थ लेखाङ्कन गरी प्रतिस्पर्धी मूल्यमा अन्तरराष्ट्रिय बजारमा बिक्री गर्न आवश्यक तयारी गरिने बजेटमा उल्लेख छ |

मन्त्री शाहीका अनुसार बजेटमा ध्वनि, वायु र जल प्रदूषण नियन्त्रणका मापदण्ड लागू गरी जनस्वास्थ्य र पर्यावरण संरक्षणलाई प्राथमिकता दिइने उल्लेख छ | साथै बढ्दो वायुप्रदूषणको असरलाई कम गर्न राष्ट्रिय वायु गुणस्तर मापदण्ड अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ |

# बालमैत्री घोषित जिल्लामा बालविवाहले ‘निरास’ बनाएका जिन्दगी



अञ्जली थापा

मकवानपुरका पालिकाहरू बालमैत्री घोषणा भइसकेका छन् भने जताजतै ‘विवाह वारी बीस वर्ष पारि’ लेखिएको ठूलाठूला सूचनापाटी देखिन्छन् । यद्यपि यहाँ किशोरी आमाहरू घाँसको भारीमाथि साना बच्चा राखेर हिँड्नुलाई सामान्य नै मान्छन् ।

यसको ज्वलन्त उदाहरूण हो– बकैया गाउँपालिकाको विकट क्षेत्र मानिने बकैया–२ धिंयालकी २० वर्षीया रञ्जिता तामाङ । राम्रो लाउने, मीठो खाने र साथीहरूसँग घुमेर हिँड्ने कलिलो उमेरकी रञ्जिता घाँसको भारीमाथि तीन वर्षीय छोरा बोकेर गाउँबेँसी गरिरहनुभएको छ । उहाँलाई सानैदेखि नृत्यमा असाध्य रूचि थियो । तर १६ वर्ष नपुग्दै भागी विवाह गरेपछि उहाँको पढाइ र सपनामा पनि पूर्णविराम लागेको हो ।

निजगढमा कक्षा ९ मा पढ्दै गर्दा आफ्नै कक्षामा सँगै पढ्ने साथीसँग बसेको प्रेमका कारण भागी विवाह भएको थियो । रञ्जिता भन्नुहुन्छ, ‘विवाह गरेर एकदम सुख पाउँछु भन्ने मलाई लागेको थियो, मलाई पढाइमा असाध्यै रूचि थियो र सँगै नृत्यको प्रशिक्षक बन्न पनि ।’ विवाहको केही दिन त उहाँलाई नयाँ घरपरिवारमा पाएको मायाले निकै खुसी दिएको थियो । तर विद्यालय जान नपाउँदा भने अकास खसेजस्तो भएको उहाँ सम्झनुहुन्छ । रञ्जिता थप्नुहुन्छ, ‘जब सासूआमाले भन्नुभयो, अब तिमीले घर सम्हाल्नुपर्छ, खेतीपाती गर्नुपर्छ, तब बल्ल मलाई आफ्नो खुसी कम भएको जस्तो लाग्न थाल्यो ।’

उमेर सानो भए पनि निकै गम्भीर देखिने र परिपक्क कुरा गर्ने रञ्जितालाई ख्यालख्यालमै सुखका लागि गरेको विवाहले यसरी थिच्छ भन्ने नलागेको बताउँदै भन्नुहुन्छ, ‘घरको काम पनि नगरी आमालाई जितेर खाएको झलझल सम्झँदै आफूले गरेको गल्तीको सजाय भोग्न म बाध्य भएँ, मेरो बुद्धी आउँदासम्म मसँग मेरो विद्यालय र ठूलो स्टेजमा नृत्य गरेर आफूलाई चिनाउने सपना दुवै हराइसकेछ, अनि थाहै नपाई म त ठूली पो भइसकेछु ।’ घरमा आफू बुहारी भएको आभासले स्वतन्त्रता खोसिएको लागे पनि भाग्यमा लेखिएको मेटिँदैन रहेछ भन्दै चित्त बुझाएको उहाँ सम्झनुहुन्छ । खेतबारी र वनजङ्गल उहाँको विद्यालय, अनि घरधन्दा र परिवारको हेरचाह उहाँको नृत्य कक्षा बनिसकेको थियो ।

विवाह गरेको केही महिनामा नै गर्भ बस्यो । गर्भवती भए पनि करिब डेढ घण्टाको बाटो ओरालो झरेर डोकोमा दुईवटा गाग्रीमा पानी ल्याउनैपर्ने उहाँको बाध्यता थियो । हाल गाउँमा पानीको व्यवस्था भए पनि दुई वर्ष अगाडिसम्म उक्त गाउँका सबै महिलाको बिहानी पानी बोकेर उकालो लागेसँगै सुरू हुन्थ्यो । डाँडामा घर अनि बेँसीमा पानीको मुहान, खेतबारीको काम र वनमा घाँसदाउरा यो नै रञ्जिताको दैनिकी बन्न पुग्यो । विस्तारै उहाँलाई अब पढाइ र सपनाका बारेमा भुल्ने बानी पर्न थालेको उहाँ बताउनुहुन्छ । उहाँलाई अब आफ्नोभन्दा पनि पेटमा हुर्किरहेको बच्चाको चिन्ता लाग्न थालेको सम्झनुहुन्छ । बच्चा जन्मिएपछि केही समय आराम गरेर उहाँको जीवन फेरि उही पुरानै दैनिकीमा फर्किएको उहाँले बताउनुभयो ।

श्रीमान्को उमेर पनि रञ्जितासँगैको भएकाले उहाँको पनि कमाई नभएका कारण पैसाको समस्या हुन थालेको रञ्जिताले बताउनुभयो । पढाइ पूरा नभएको र गाउँमा काम नपाउने भएकाले विदेश जानैपर्ने बाध्यता आइप¥यो । अब उहाँलाई आफ्नोभन्दा पनि छोराको पढाइको चिन्ता लाग्न थाल्यो । छोरालाई राम्रोसँग पढाउनका लागि श्रीमान् विदेश जानुभएको उहाँको भनाइ छ ।

यतिबेला रञ्जिताको काखमा तीन वर्षको छोरा छ । उहाँ आफ्नो छोरा, सासूससुराको स्याहारसँगै खेतीपाती गर्न व्यस्त हुनुहुन्छ भने उहाँका श्रीमान् दुबई जानुभएको छ, त्यो पनि गाउँमा रु पाँच लाख ऋण गरेर । श्रीमान् पनि अहिले २० वर्षको मात्र हुनुहुन्छ । उहाँको काँधमा परिवार पाल्ने र ऋण तिर्नुपर्ने बाध्यता छ । सोह्र वर्षमा विवाह, १७ वर्षमा बच्चा र २० वर्षमा परिवार पाल्न विदेश जानुपर्ने बाध्यताले उहाँलाई पनि समस्या भएको रञ्जिताको भनाइ छ ।

बिहानै उठेर घरधन्दा गरिसकेपछि वनमा घाँस काट्न जानुहुन्छ । त्यसपछि अरूको खेतबारीमा पर्म गर्न गएर आफ्नो खेतालाको जोहो गर्ने जिम्मेवारी पनि रञ्जिताले पूरा गरिरहनुभएको छ । मुख्य खेतीका रूपमा मकै फलाउने उहाँका परिवारको मुख्य खाना पनि मकैको ढिँडो नै हो । रञ्जितामात्र होइन यहाँ सानै उमेरमा विवाह गर्ने किशोरीको संख्या निकै छ । सबैको दैनिकी पनि रञ्जिाको जस्तै छ ।

### किशोरी आमाको तथ्याङ्क

जनस्वास्थ्य कार्यालयले दिएको तथ्याङ्कानुसार मकवानपुरमा चालु आर्थिक वर्षमा मात्र २० वर्षमुनिका चार सय ३२ किशोरी आमा बनेका छन् । सोही अवधिमा जिल्लाभर तीन हजार ८४२ जना सुत्केरी भएका थिए । यसमा घरमै सुत्केरी हुनेको संख्या एक सय १३ रहेको छ । जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेका अनुसार, तीमध्ये २० वर्षमुनिका ४४ जना र २० वर्षभन्दा माथिका ९९ जनाले अस्पताल नगई घरमै सुत्केरी भएका थिए ।

उहाँका अनुसार अहिले पनि किशोरी सुत्केरी हुने स्थितिमा उल्लेख्य सुधार आएको देखिँदैन भने चालु आवको चैतसम्मको तथ्याङ्क हेर्दा पनि अवस्था उस्तै देखिन्छ । आर्थिक वर्ष २०७९–८० मा मकवानपुरमा जम्मा पाँच हजार १७२ महिला सुत्केरी भएकामा जसमध्ये पाँच सय २९ (१० दशमलव २ प्रतिशत) २० वर्षमुनिका किशोरी थिए । तीमध्ये एक सय ६६ जनाले अस्पतालको सट्टा घरमै सुत्केरी गराएका थिए । त्यसैगरी, आव २०८०–८१ मा कुल चार हजार ४३० सुत्केरीमध्ये चार सय ९१ जना (११ दशमलव १ प्रतिशत) किशोरी रहेका थिए भने एक सय २८ जनाले अझै पनि घरमै सुत्केरी गराएका थिए ।



चालु आर्थिक वर्षको चैतसम्मको तथ्याङ्क हेर्दा पनि उस्तै अवस्था देखिन्छ । कुल तीन हजार ८४२ सुत्केरीमध्ये चार सय ३२ जना (११ दशमलव २ प्रतिशत) २० वर्षमुनिका किशोरी छन् । यसले किशोर उमेरमै आमा बन्ने दरमा सुधारका सट्टा स्थायित्वमा झनै वृद्धि देखिएको सङ्केत गर्छ ।

### पालिकाअनुसार किशोरी आमाको तथ्याङ्क

पालिकाअनुसार हेर्दा चालु आवमा जिल्लामा किशोरी गर्भावस्था अझै गम्भीर चुनौतीका रूपमा कायम देखिन्छ । जनस्वास्थ्य कार्यालयका अनुसार मनहरी गाउँपालिकामा एक सय ८९ सुत्केरीमध्ये ३१ किशोरी (२० वर्षमुनिका) थिए, जबकि मकवानपुरगढी गाउँपालिकामा ९१ सुत्केरीमध्ये २२ जना किशोरी आमा बनेका थिए । त्यस्तै, बकैया गाउँपालिकामा एक सय ८१ सुत्केरीमध्ये ३० जना किशोरीहरू थिए भने हेटौँडा उपमहानगरपालिकाजस्तो सहरी क्षेत्रमा दुई हजार ५४४ सुत्केरीमध्ये दुई सय एक जना किशोरी आमा बनेका छन् ।

अन्य पालिकातर्फ हेर्दा, कैलाश गाउँपालिकामा दुई सय १६ सुत्केरीमध्ये ३८ जना, थाहा नगरपालिकामा दुई सय तीन सुत्केरीमध्ये २५ जना र बागमती गाउँपालिकामा एक सय ९६ सुत्केरीमध्ये ४५ जना किशोरी गर्भवती भई आमा बनेका थिए । यी तथ्याङ्कहरूले स्पष्ट सङ्केत के गर्छ भने जिल्लाभर किशोरी गर्भावस्था र बालविवाहको दर अझै पनि चिन्ताजनक नै छ ।

जिल्लामा किशोरी गर्भावस्था अझै गम्भीर समस्या बनिरहेको कुराको पुष्टि जिल्ला सहकारी अस्पताल हेटौँडा अस्पतालको तथ्याङ्कले पनि गर्छ । पछिल्ला तीन आव र चालु आवको सुत्केरी विवरणले किशोरी अवस्थामा आमा बन्ने प्रवृत्ति लगातार कायम रहेको देखाएको छ ।

आव २०७८–७९ मा अस्पतालमा कुल तीन हजार ३६० सुत्केरीमध्ये दुई सय ५५ जना अर्थात् ७ दशमलव ६ प्रतिशत किशोरी आमा बनेका थिए । त्यसैगरी, २०७९–८० मा तीन हजार ८९६ सुत्केरीमध्ये दुई सय ७६ जना किशोरी थिए, जुन ७ दशमलव १ प्रतिशत हो । आव २०८०–८१ मा भने दुई हजार हजार ९५३ सुत्केरीमध्ये दुई सय १८ जना अर्थात् ७ दशमलव ४ प्रतिशत किशोरी आमा बनेका थिए । चालु आवको साउनदेखि चैतसम्मको अवधिमा दुई हजार ४७१ सुत्केरीमध्ये एक सय ८१ जना किशोरीले सुत्केरी सेवा लिएका छन्, जुन ७ दशमलव ३ प्रतिशत हो ।

चालु वर्षमा कुनै पनि महिनामा किशोरी सुत्केरीको संख्या शून्यमा झरेको छैन । साउनमा २६, भदौमा १९, असोजमा १८, कात्तिकमा २३, मङ्सिरमा २२, पुसमा २१, माघमा १९, फागुनमा १७ र चैतमा २२ जना किशोरीले सुत्केरी सेवा लिएका छन् । यो समस्या केवल ग्रामीण वा आर्थिक रूपले कमजोर समुदायमामात्र सीमित नभई सहरी र स्वास्थ्य सेवा पहुँचमा भएका क्षेत्रमा पनि किशोरी गर्भावस्था निरन्तर देखिएको छ ।

बागमती प्रदेशको विवाहित जोडीको तथ्याङ्क हेर्ने होभने पनि ५० दशमलव ५१ प्रतिशत बालविवाह रहेको छ । सबैभन्दा धेरै बालविवाह नुवाकोटमा ६२ दशमलव छ प्रतिशत छभने काठमाडौँमा सबैभन्दा न्यून २९ दशमलव दुई प्रतिशत रहेको सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको तथ्याङ्कमा उल्लेख छ । बागमती प्रदेशमा सबैभन्दा धेरै बालविवाह हुने गाउँपालिकामा मकवानपुरको राक्सिराङ गाउँपालिका रहेको जहाँ १० वर्षमुनिका बालबालिको विवाह एक दशमलव ०९ प्रतिशत, १० देखि १४ वर्षसम्मको आठ दशमलव ०७ प्रतिशत, १५ देखि १९ वर्षसम्मको ४१ दशमलव ३५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

००००

### मदिरा र सुर्तीजन्य वस्तुको करका दरमा बढी हेरफेर

सरकारले आर्थिक विधेयक २०८२ मार्फत विभिन्न वस्तुहरूको करका दरसम्बन्धी विद्यमान व्यवस्थामा हेरफेर गरेको छ ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा बजेट वक्तव्य प्रस्तुत गर्नुहुँदै विभिन्न शीर्षकका राजस्वका दरसम्बन्धी व्यवस्थामा संशोधन गरिएको बताउनुभयो । बजेटको नयाँ व्यवस्थाअनुसार सूचना प्रविधिमा आधारित उद्योग र होटल तथा रिसोर्टले विशेष उद्योगसरह आयकर र विद्युत् महसुल छुट पाएका छन् । सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट दिइएको छ । नेपालमा बसेर विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा पाँच प्रतिशतमात्र आयकर लाग्ने व्यवस्था पनि सरकारले गरेको छ ।

सरकारले रु. १० करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई पाँच वर्षसम्म आयकर नलिने भएको छ । त्यस्तै, प्राङ्गारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मिसिनरी तथा उपकरण पैठारी गर्दा लाग्ने भन्सार महसुल हटाइएको छभने यसमा लाग्ने अन्य सबै खालका कर तथा महसुल खारेज गरिएको छ ।

फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रङ्गशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा खेल सामग्रीको आयातमा एक प्रतिशतमात्र भन्सार लगाउने व्यवस्था ल्याइएको छभने ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगका लागि मिसिनरी उपकरण आयातमा सबै किसिमका कर छुट दिइएको छ । ग्रीन हाइड्रोजन उत्पादकलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था पनि बजेटमा राखिएको छ ।

विद्युतीय सवारीसाधनको चार्जिङ मेसिन उत्पादन तथा एसेम्बलिङ गर्ने उद्योग स्थापनाका लागि आवश्यक पर्ने उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुलबाहेक अरु कुनै पनि प्रकारका कर लाग्ने छैनन् । साथै, यस्ता उद्योगलाई पाँच वर्षसम्म आयकर छुट दिइएको छ । डिजिटल भुक्तानीमा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज गरिएको छ । त्यस्तै, खाद्यान्न, गेडागुडी, फलफूललगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सार विन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज गरिएको छ । श्रवणशक्ति कमजोर भएका व्यक्तिका लागि आवश्यक पर्ने श्रवणयन्त्रमा लाग्ने मूल्य अभिवृद्धि कर पनि खारेज गरिएको छ ।

राजस्व छुट सुविधामा पैठारी गर्न पाउने बिरामी बोक्ने एम्बुलेन्समा विद्यमान रु. १६ लाखको मूल्य सीमा हटाइएको छ । बीस वर्षभन्दा पुराना वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक तथा निजी सवारीसाधनको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम दुई वर्षको आयकर बुझाएमा बाँकी आयकर छुट दिने व्यवस्था सरकारले ल्याएको छ ।

मदिरा, वियर, सुर्ती र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि भएको छभने विद्यमान अन्तःशुल्क दरमा पनि वृद्धि भएको छ । स्वास्थ्य जोखिम करको दायरा विस्तार गरिएको छ ।

### अन्तःशुल्कमा परिवर्तन

घरपालुवा चराहरू (पोल्ट्री)को ताजा (फ्रेस), चिस्याइएको वा हिमीकृत (फ्रोजन) मासुमा १५ प्रतिशत अन्तःशुल्क लगाइएको छभने खुद्रा बिक्रीका लागि राखिएका कुकुर वा बिरालोको खानाको अन्तःशुल्क १० प्रतिशतबाट बढाएर २० प्रतिशत बनाइएको छ । त्यस्तै, अम्रिसोमा १० प्रतिशत अन्तःशुल्क लगाइएको छ ।

सुर्तीजन्य पदार्थको अन्तःशुल्क बढाइएको छ । फिल्टर नभएको चुरोट तथा सिगारको अन्तःशुल्क प्रतिएम रु. सात सय ५५ रहेकामा त्यसलाई बढाएर रु. सात सय ७८ बनाइएको छ । फिल्टर भएको ७० मिलीमिटरसम्म लम्बाइको चुरोटको प्रतिएम अन्तःशुल्क रु. एक हजार ७४० रहेकामा त्यसलाई बढाएर रु. एक हजार ७९२ बनाइएको छ । त्यस्तै, ७० भन्दा बढी र ७५ मिलीमिटरभन्दा कम लम्बाइको चुरोटको प्रतिएम रु. दुई हजार ३७० बाट रु. दुई हजार ४४१ पुर्याइएको छ ।

काठको धुलो, सिमेन्ट र विभिन्न बाइन्डिङ केमिकल्स मिश्रण गरी बनेका विभिन्न मोटाइका बोर्डहरूको अन्तःशुल्क पाँच प्रतिशतबाट बढाएर १० प्रतिशत बनाइएको छ । त्यस्तै, निर्माण वा सिभिल इन्जिनियरिङका लागि पूर्वनिर्मित संरचनात्मक अवयवहरूको पनि अन्तःशुल्क पाँच प्रतिशतबाट १० प्रतिशत बनाइएको छ । कर्कतपाता, ब्रेक लाइलिङ प्याडहरूको अन्तःशुल्क पाँच प्रतिशतबाट १० प्रतिशत बनाइएको छ ।

### भन्सार दरमा परिवर्तन

सुकाएको अङ्गुर (किसमिस) सार्क मुलुकका लागि सात दशमलव २५ प्रतिशत र अन्य मुलुकबाट आयात गर्दा १५ प्रतिशत भन्सार लाग्ने गरेकामा त्यसलाई घटाएर सार्क मुलुकका लागि छ प्रतिशत र अन्य मुलुकका लागि १० प्रतिशत कायम गरिएको छ ।

चुकुन्दरको चिनी सार्क मुलुकबाट छ प्रतिशत र अन्य मुलुकका ल्याउँदा ३० प्रतिशत भन्सार लाग्ने गरेकामा सार्क मुलुकका लागि लाग्ने भन्सार यथावत राखिएको छभने अन्य मुलुकका लागि भन्सार घटाएर १५ प्रतिशत लाग्ने व्यवस्था कायम गरिएको छ । त्यस्तै, सक्खर गुँड, भेली, गुँडगट्टा, खाँडसारी चिनी, उखुको अन्य चिनी, मिश्रीको भन्सार ३० प्रतिशत लाग्ने गरेकामा त्यसलाई घटाएर १५ प्रतिशत बनाइएको छ । ‘फ्रुटपल्स’को भन्सार बढाएर १० प्रतिशतबाट १५ प्रतिशत बनाइएको छ । त्यस्तै, सुप, ब्रोथ र सोका लागि चाहिने वस्तुको भन्सार महसुल २० प्रतिशत रहेकामा त्यसलाई बढाएर ३० प्रतिशत बनाइएको छ ।

सुर्तीरहित सुगन्धित सुपारीको प्रतिकिलो रु. १०० भन्सार लाग्ने गरेकामा त्यसलाई परिमार्जन गरी ४० प्रतिशत भन्सार लाग्ने व्यवस्था ल्याइएको छ । त्यस्तै, इनर्जी ड्रिङ्समा प्रतिलिटर रु. १०० का दरले भन्सार लाग्दै आएकामा अब ४० प्रतिशत लाग्ने व्यवस्था गरिएको छ । हल्का पेय पदार्थ, बास्नायुक्त दूधका पेय पदार्थको भन्सार पनि ४० प्रतिशत कायम गरिएको छ ।

पेय पदार्थ र अल्कोहलजन्य वस्तुमा यसअघि प्रतिलिटर बराबर निश्चित रकम भन्सार दर तोकिएकामा त्यसलाई संशोधन गरिएको छ । जाँ ैबाट बनेको बियर आयातमा प्रतिलिटर रु. २०० का दरले भन्सार लाग्ने गरेकामा त्यसलाई संशोधन गरी ८० प्रतिशत भन्सार लाग्ने व्यवस्था ल्याइएको छ ।

ताजा अङ्गुरको वाइन र अल्कोहल हाली सुरक्षित गरिएको ‘फोर्टिफाइड वाइन’, ‘स्पार्किङ वाइन’को भन्सार प्रतिलिटर रु. ३०० रहेकामा अब ८० प्रतिशत लाग्ने व्यवस्था आर्थिक विधेयकमा राखिएको छ । छ्याङ (कन्ट्री वियर), सेम्पेन, सेरी, मिड, पेरी, साइडरको भन्सार ४० बाट बढाएर ८० प्रतिशत बनाइएको छ । त्यस्तै, ८० प्रतिशत घनत्व अल्कोहल शक्ति वा सोभन्दा माथि अल्कोहल भएको ‘अन्डिनेचर्ड इथाइल अल्कोहल’ र जुनसुकै अल्कोहल भएको ‘डिनेचर्ड इथाइल अल्कोहल’ तथा अन्य स्प्रिटको भन्सार प्रतिलिटर रु. ६० लाग्ने गरेकामा त्यसलाई अब ३० प्रतिशत भन्सार लाग्ने व्यवस्था गरिएको छ । यसअघि ब्राण्डीको आयातमा प्रतिलिटर रु. एक हजार ५०० सय भन्सार दर रहेकामा अब ८० प्रतिशत कायम गरिएको छ । त्यस्तै अरु विभिन्न खालका अल्कोहलजन्य पदार्थमा १०० प्रतिशत भन्सार लाग्ने गरी आर्थिक विधेयक ल्याइएको छ ।

सिगार र चुरोटको प्रति एक हजार खिल्लीको भन्सार रु. नौ हजार रहेकामा त्यसलाई बढाएर रु. ११ हजार पुर्याइएको छ । तयारी बिँडी, फिल्टर भएको विभिन्न लम्बाइको चुरोट र सिगारमा प्रतिहजार खिल्ली रु. चार हजार ५०० भन्सार लाग्दै आएकामा त्यसलाई बढाएर प्रतिहजार खिल्ली रु. पाँच हजार ५०० बनाइएको छ । चुरोट तथा बिँडीका लागि प्रशोधित सुर्तीको भन्सार ३० प्रतिशतबाट बढाएर ६० प्रतिशत पुर्याइएको छ ।

इकोजिन वा अन्य चुन मिश्रित स्मारक वा भवन बनाउने ढुङ्गा र एलावास्टर (स्फटिक ढुङ्गा)को ३० रहेको भन्सार दरलाई घटाएर २० प्रतिशत कायम गरिएको छ । त्यसैगरी, कपडाबाट बनेको भित्ता ढाक्ने वालपेपर (वाल कभरिङ) विभिन्न बुट्टा कुँदिएको भित्तामा टाँस्ने कागज वा प्लास्टिक वालपेपरमा सार्क मुलुकबाहेक अन्यबाट आयात गर्दा यसअघि १५ प्रतिशत भन्सार लाग्दै आएकामा बढाएर २० प्रतिशत बनाइएको छ ।

ट्रिमिङ भएको टोपीको भन्सार १५ प्रतिशतबाट २० प्रतिशत बनाइएको छ । काठको धुलो, सिमेन्ट र विभिन्न वाइन्डिङ केमिकल्स मिश्रण गरी बनेको सङ्घार, फ्याक, झिङ्गटी तथा बोर्डहरू सार्कबाहेक मुलुकबाट आयात गर्दा २० प्रतिशत लाग्ने गरेकामा घटाएर १५ प्रतिशत बनाइएको छ ।

सिमेन्ट क्रङ्क्रिट वा कृत्रिम ढुङ्गाका सामान आयात गर्दा सार्क मुलुकका लागि सात दशमलव २५ बाट घटाएर छ प्रतिशत र सार्कबाहेकका मुलुकका लागि १५ प्रतिशतबाट घटाएर १० प्रतिशत बनाइएको छ । विभिन्न निर्माण उपकरण जस्तै, खामो गाड्ने (पाइल ड्राइभर) खामो उखेल्ने (पाइल एक्स्ट्र्याक्टर) छिद्रण गर्ने (बोरिङ) लगायतका उपकरणमा पाँच प्रतिशत भन्सार लाग्दै आएकामा एक प्रतिशतमा झारिएको छ ।

### छुट तथा सहुलियत

अन्तःशुल्कको जरिवाना र विलम्ब शुल्क मिनाहासम्बन्धी विशेष व्यवस्था ल्याइएको छ । २०८१ चैत मसान्तसम्म बुझाउनुपर्ने अन्तःशुल्क र विलम्ब शुल्कको ५० प्रतिशत हुने रकम आगामी पुस मसान्तसम्म बुझाएमा जरिवाना र बाँकी विलम्ब शुल्क मिनाहा गर्ने आर्थिक विधेयकमा उल्लेख छ ।

त्यस्तै, दर्ता हुन बाँकी रहेका अन्तरराष्ट्रिय हवाई यातायात सेवा प्रदायक तथा हवाई टिकट बिक्री गर्ने व्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता भई विसं २०८० कात्तिक १ गतेदेखिको मूअकर आगामी असोज मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने ब्याज, जरिवाना र थप दस्तुर मिनाहा गर्ने नीति सरकारले लिएको छ ।

आय विवरण पेस नगरेका करदातालाई पनि छुटको व्यवस्था आर्थिक विधेयकमार्फत ल्याइएको छ । यसअघिका कुनै पनि आर्थिक वर्षको आय विवरण नबुझाएको भए त्यस्तो विवरण पेस गरी आगामी पुस मसान्तसम्म आयकर बुझाउन सकिने छ ।

# मटिहानीमा चारकोठे भवन निर्माणको शिलान्यास



मधेशदृष्टि
महोत्तरी ।
महोत्तरी जिल्लाको मटिहानी नगरपालिका–२, धिरापुर आवरस्थित नेपाल राष्ट्रिय सर्वोदय आधारभूत विद्यालय अब चाँडै नयाँ र सुविधासम्पन्न पक्की भवनबाट सञ्चालन हुने भएको छ । झन्डै ८४ लाख रुपैयाँको लागतमा बन्ने चारकोठे पक्की भवनको शिलान्यास शुक्रबार मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले गरेका छन् । शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख मण्डलले विद्यालयमा भौतिक पूर्वाधारको अभावले शिक्षण सिकाइमा देखिएको समस्याको समाधान अब हुने विश्वास व्यक्त गरे । 'सुनियोजित शैक्षिक पूर्वाधार विकासमार्फत स्थानीय तहबाटै गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सकिन्छ,' नगरप्रमुख मण्डलले भने । प्राविधिक विवरणअनुसार चारकोठे पक्की भवन मटिहानी नगरपालिकाको प्रत्यक्ष लगानीमा निर्माण हुँदैछ । नगरपालिकाका प्राविधिककाअनुसार भवन निर्माण कार्यमा झन्डै ८४ लाख रुपैयाँ खर्च हुनेछ । भवनले विद्यालयका बालबालिकालाई सुरक्षित, स्वस्थ र बालमैत्री वातावरणमा अध्ययन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । शिलान्यास कार्यक्रममा मटिहानी नगरपालिका वडा नं. २ का वडाध्यक्ष मोहम्मद रयूफ, वडा नं. १ का वडाध्यक्ष शिवशंकर कुमार राय, नेपाली कांग्रेसका नेता गरीब दास ठाकुर, लोसपाका प्रतिनिधि मोसाफिर सहनी, पूर्व वडाध्यक्ष शिवचन्द्र झा, शिक्षा संयोजक श्रीश मिश्र, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सत्यनारायण यादव, प्राचार्य लक्ष्मण मण्डल, अरुण ठाकुर, कैलाश यादव, राम जतन यादव,
वडासदस्यलगायतकाहरूको उपस्थिति थियो । कार्यक्रममा बोल्ने वक्ताहरुले विद्यालयको भौतिक संरचना सुधारले शिक्षा प्रणालीमा सकारात्मक प्रभाव पार्ने भन्दै आगामी दिनमा अन्य विद्यालयहरूमा पनि यस्तै विकास योजनाहरू ल्याउनुपर्नेमा जोड दिए ।

# धनुषामा सालको काठसहित तस्कर पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
डिभिजन वन कार्यालय धनुषाले एक पिकअप गाडीमा अवैध रूपमा ओसारिएको साल प्रजातिको काठसहित तीन जना तस्करलाई पक्राउ गरेको छ । सुराकीका आधारमा धनुषाधाम–जनकपुर सडकखण्ड अन्तर्गत ठेरा चोक नजिक वन कर्मचारीको टोलीले छापा मारेको हो । घटनास्थलबाट २०.७७ क्युबिक फिटको २० थान सालको काठका फल्ली बरामद भएको डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले जानकारी दिए । गाडीमा अवैध काठ ओसारिरहेका धनुषाधाम नगरपालिका–१ काशिपुर निवासी प्रमोद ठाकुर, गगन यादव र धनुषाधाम–२ का रुपेश रायलाई नियन्त्रणमा लिइएको छ । उनीहरूलाई काठसहित ज १ च ९५३ नम्बरको पिकअप गाडी र प्रदेश २–०२–००४ प ०२८५ नम्बरको पल्सर मोटरसाइकल सहित कार्यालयमा राखिएको छ । बरामद गरिएको पिकअप गाडी काठ लोड गर्न प्रयोग गरिएको थियो भने मोटरसाइकललाई सम्भवतः सुरक्षा निगरानी वा संचार सम्पर्कको लागि प्रयोग गरिएको अनुमान गरिएको छ । डिभिजन वन कार्यालयले सवारी साधनसहित पक्राउ परेकाहरू विरुद्ध वन ऐनअनुसार कानुनी प्रक्रिया अघि बढाइरहेको जनाएको छ ।

# एक हजार ३० प्रजातिका विरुवा रोपिए



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली वडा नं. २ मा अवस्थित शिवम लेयर्स फर्म प्रा.लि.ले गणतन्त्र दिवसको अवसरमा करिब एक हजार ३० वटा बिभिन्न प्रजातिका विरुवाहरु रोपेका छन् ।
शिवम लेयर्स फर्मका संचालक शिवजी प्रसाद साहले रोपिएका विरुवामध्ये ६ सय वटा मोहगनी, ४ सय वटा मलेसियन साल र ३० वटा चन्दनका विरुवा रहेका छन् ।
यी विरुवाहरु दीर्घकालीन रुपमा वातावरणीय सन्तुलन कायम गर्न महत्त्वपूर्ण हुने विश्वास गरिएको छ । बृक्षारोपण कार्यक्रममा फर्मका व्यवस्थापक जगतनारायण प्रसाद गुप्ता, कर्मचारी तथा कामदारहरुले सहभागिता जनाएका थिए । सामूहिक प्रयासबाट सम्पन्न यो अभियानलाई फर्मले हरियाली र समृद्धिको लागि सन्देशका रुपमा अघि बढाएको छ । संचालक साहले शुद्ध हावा, स्वस्थ जीवन र हरित वातावरणको रक्षाका लागि बृक्षारोपण जस्तो क्रियाकलाप आवश्यक रहेको बताए ।

# दुई न्यायाधीशमाथि छानविन गर्नुपर्ने मागसहित न्यायपरिषदमा उजुरी

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वमन्त्री मोहम्मद आफ्ताव आलम लगायत रौतहट बम विस्फोटमा संलग्नहरुलाई सफाइ दिने फैसला गर्ने दुई न्यायाधीशहरुमाथि छानविन गरी कारवाही गर्नुपर्ने मागसहित न्यायपरिषदमा उजुरी परेको छ । युवराज पौडेलले फैसला गर्ने न्यायाधीशहरु डा. खुसीप्रसाद थारु र अर्जुन महर्जनमाथि छानविन गर्नुपर्ने माग राखी परिषदमा निवेदन दिएका छन् ।
उनीहरु पदमा रहँदा न्यायसम्पादन नै प्रभावित हुनसक्ने भन्दै निवेदनमा उनीहरुलाई निलम्बन गरी अनुसन्धान गर्नुपर्ने माग छ । उजुरीमा उनीहरुले विगतमा गरेको फैसलामाथि पनि अध्ययन गर्नुपर्ने माग छ । यसअघि पीडित एवम् साक्षीको संरक्षणका लागि जिल्ला अदालतले नै विशेष प्रकारको आदेश जारी गरेको थियो । जिल्ला अदालतले विभिन्न आधार देखाउँदै व्यक्तिहत्याको आरोपमा आलम लगायतलाई दोषी किटान गरेको थियो । तर, जिल्ला अदालतले औंल्याएका आधार एवम् मिसिलमा संलग्न प्रमाणहरुको बेवास्ता गरी फैसला गरेको भन्दै उजुरीमा न्यायाधीशहरु थारु र महर्जनमाथि छानविन हुनुपर्ने माग भएको हो । उनले जिल्ला अदालतको फैसला एवम् उच्च अदालतबाट मिसिल मगाई अनुसन्धान गर्न माग गरेका छन् ।

# पर्सामा सशक्त चेकिङ अभियान सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख लोकराज भट्टको निर्देशनमा पर्सा जिल्ला अन्तर्गत सवारी नियम उल्लंघन गर्नेहरू विरुद्ध सशक्त चेकिङ अभियान सञ्चालन गरिएको छ ।
अभियान अन्तर्गत वीरगंजको मुटु मानिने घण्टाघर क्षेत्रमा कडा निगरानीका साथ ट्राफिक चेकिङ गरिएको हो । ट्राफिक टोलीले सवारी नियम उल्लंघनमा संलग्न ५ जनालाई अनलाइन चालान मार्फत जरिवाना गरेको छ भने १५ जनालाई सवारी चिट काटी कारबाही गरिएको छ । ट्राफिक प्रमुख भट्टले सार्वजनिक सवारी सुरक्षामा कुनै सम्झौता नहुने भन्दै नियम उल्लंघन गर्ने जो कोहीलाई पनि कानुनी दायरामा ल्याइने चेतावनी दिएका छन् । ट्राफिक प्रहरीका अनुसार कारबाहीमा परेकामध्ये हेलमेट नलगाउने, सवारी अनुमतिपत्र नबोक्ने, लापरवाहीपूर्ण गाडी चलाउने लगायतका कारणले कारबाही गरिएको हो । चेकिङ अभियानले ट्राफिक नियम पालनामा नागरिकको जिम्मेवारी र सजगता बढाउने विश्वास लिइएको छ ।

# रौतहटमा श्रृंगार गरिएकी नवविवाहिताको शव झाडीमा फेला



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको दुर्गाभगवती गाउँपालिका–५ स्थित झाझ खोलाको किनारमा एक नवविवाहिताको श्रृंगारसहित शव फेला परेको छ । महिलाको शव झाडीमा घोप्टो अवस्थामा भेटिएपछि हत्या भएको आशंकामा प्रहरी अनुसन्धानमा जुटेको छ ।
प्रहरीका अनुसार मृतक महिला करिब २० देखि २५ वर्षको उमेर समूहकी हुन् ।
शवमा हातमा मेहंदी, नाकमा सुनको नथिया, गोडामा चाँदीको पाउजु, हातमा रातो धागो, खुट्टाको औँलामा आकाशे रंगको नेल पालिस, हल्का बैगनी रंगको लेडिज चप्पलजस्ता श्रृंगारका वस्तुहरू पाइएको छ । उनले फिक्का हरियो रंगमा सेतो बुट्टा भएको कुर्ता–सुरुवाल लगाएकी थिइन् ।
उनको उचाइ ५ फिट २ इन्च रहेको र शारीरिक बनावट दुब्लो तथा वर्ण गहुँगोरो रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दीपककुमार रायका अनुसार मृतक महिलाको अनुहार क्षतविक्षत भएकोले पहिचान गर्न कठिन भइरहेको छ ।
घटनास्थलबाट शव संकलन गरी आवश्यक प्रक्रिया पूरा गरिसकेपछि पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल गौरको शवगृहमा राखिएको छ । 'घटना शंकास्पद देखिएको छ । सम्भवतः एक–दुई दिनअघि कतैबाट हत्या गरेर शव यहाँ ल्याएर फालिएको हुन सक्छ,' डिएसपी रायले भने, 'पोष्टमार्टम रिपोर्ट आएपछि थप तथ्य आउन सक्छ ।' मृतक महिलाको नाम, थर र वतन खुल्न नसकेको अवस्थामा प्रहरीले शवको पहिचानका लागि सहयोग गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ । शवको पहिचान गर्ने जो कोही व्यक्तिले जिल्ला प्रहरी कार्यालय रौतहट वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिएको छ ।
तराई–मधेश क्षेत्रमा पछिल्ला वर्षहरूमा नवविवाहितामाथि हुने हिंसात्मक घटनाहरूमा वृद्धि हुँदै गएको देखिएको छ । खासगरी दाईजो, पारिवारिक विवाद, मानसिक वा सामाजिक दवाबका कारण यस्ता घटना घट्ने गरेको पाइएको छ । यस घटनालाई पनि त्यही शृङ्खलाको हिस्सा मानिएको छ । यद्यपि यकिन पुष्टि अनुसन्धानपछि मात्रै हुनेछ ।
शव पत्ता लाग्ने क्रममा महिलाले लगाउने सम्पूर्ण श्रृंगार र गहना शरीरमै भेटिनुले घटनालाई थप रहस्यमय बनाएको छ ।
प्रायः गहना चोरीका लागि हत्या गरिएमा गहना हराएको पाइन्छ । तर, यस घटनामा त्यसो नभएको देखिन्छ । यसले घटना पछाडि अन्य पारिवारिक वा सामाजिक कारणहरू लुकेका हुनसक्ने प्रहरीको अनुमान छ । प्रहरीले अनुसन्धान तीव्र बनाएको बताएको छ ।

# रौतहटको मिठुअवामा खेलमैदान स्तरोन्नतिको शिलान्यास



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको माधव नारायण नगरपालिका–५, मिठुअवास्थित श्री राधाकृष्ण माध्यमिक विद्यालयको खाली जग्गामा खेलमैदान स्तरोन्नति कार्यक्रम अन्तर्गत कम्पाउन्ड वाल निर्माणको शिलान्यास गरिएको छ ।
खेलकुद तथा सामाजिक विकास मन्त्रालय मधेश प्रदेश सरकारको आर्थिक सहयोगमा सञ्चालन हुने यो परियोजनाले स्थानीय युवा र विद्यार्थीहरूलाई खेल तथा शारीरिक विकासमा सक्रिय बनाउने लक्ष्य लिइएको छ । खेलमैदान विकासका लागि विगतदेखि नै आवाज उठाउँदै आएका स्थानीय समाजसेवी तथा नेपाली कांग्रेस मधेश प्रदेश प्रचारप्रसार विभागका प्रमुख नितेश कुमार गुप्ताले शुक्रवार उक्त संरचनाको शिलान्यास गरेका हुन् । शिलान्यास समारोहमा बोल्दै गुप्ताले भने, 'वर्षौंदेखि बेवास्ता भएको यो स्थान अब खेलकुद तथा सामाजिक गतिविधिको केन्द्र बन्नेछ ।
आगामी दिनमा यस क्षेत्रलाई अझ व्यवस्थित र स्तरीय बनाउने योजनासमेत अघि सारिएको छ ।'
स्थानीयवासीहरूका अनुसार यो क्षेत्र विगतमा झाडी र फोहोरले भरिएको अवस्थामा रहँदै आएको थियो । कम्पाउन्ड वाल र माटोपूरा संरक्षणपछि यस क्षेत्रले नयाँ ऊर्जा प्राप्त गर्ने अपेक्षा गरिएको छ । समाजिक विकास इकाइ मधेश प्रदेशले यस परियोजनाका लागि २५ लाख बजेट विनियोजन गरेको उपभोक्ता समिति अध्यक्ष दिपेन्द्र कुमार पसवानले जानकारी दिए । पसवानले यो परियोजना स्थानीय युवालाई खेलकुदप्रति आकर्षित गर्दै सामाजिक एकता र अनुशासन प्रवद्र्धनमा पनि योगदान पुर्याउने बताए ।

# १० बजेसम्म विद्युत् आपूर्ति बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल विद्युत् प्राधिकरणले वीरगंज क्षेत्रमा विद्युत् आपूर्तिमा अवरुद्धता हुने सम्बन्धमा सूचना जारी गरेको छ । प्राधिकरणले वीरगंज ग्रिडबाट सञ्चालित वीरगंज फिडर नम्बर १ मा आवश्यक मर्मत सम्भार कार्य गर्नुपर्ने भएकाले आज बिहान ७ बजेदेखि १० बजेसम्म विद्युत् आपूर्ति बन्द हुने जनाएको छ । विद्युत् आपूर्तिलाई थप सुरक्षित र भरपर्दो बनाउने लक्ष्यका साथ ११ केभी डिस्कनेक्टिङ स्विच जडान र तार रिटेन्सनको मर्मत कार्य भइरहेको विद्युत् प्राधिकरणले जनाएको छ । मर्मत कार्यका कारण पावर हाउस, घण्टाघर, आदर्शनगर, लिङ्क रोड, भानुचौक, ब्रह्म चौक, प्रतिमा चौक र गौतम स्कुल क्षेत्रहरू विद्युत् अवरुद्ध हुने छन् । यसैगरी, परवानीपुर ग्रिडबाट सञ्चालित ११ केभी वीरगंज फिडरमा पनि मर्मत कार्य हुने भएको छ । फिडरमा बेरिएका लहरहरू र रूखका हाँगाहरूले बारम्बार विद्युत् आपूर्तिमा अवरोध उत्पन्न गरिरहेकाले रूखका हाँगाहरू काट्ने र अन्य सुधार कार्य गर्न आवश्यक देखिएको छ । कार्यका लागि सोही दिन बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म विद्युत् आपूर्ति बन्द रहनेछ प्राधिकरणले जनाएको छ ।

# मेयर सिंहलाई चलचित्र पत्रकार संघको प्रस्तावना पत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
चलचित्र पर्यटन प्रवद्र्धनको सशक्त माध्यम भएको भन्दै चलचित्र पत्रकार संघ नेपाल पर्साले वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई प्रस्तावना पत्र बुझाएको छ । शुक्रबार महानगर प्रमुख सिंहलाई बुझाइएको पत्रमा चलचित्रमार्फत वीरगंजको पर्यटकीय स्थलहरूको प्रचार–प्रसार गर्न सकिने र यसले स्थानीय पर्यटनलाई प्रत्यक्ष रूपमा टेवा पुर्याउने विश्वास व्यक्त गरिएको छ ।
संघले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट, नीति तथा कार्यक्रममा चलचित्रसँग सम्बन्धित कार्यक्रम समावेश गर्न अनुरोध गरेको छ । पत्रमा वीरगंजका पर्यटकीय स्थानहरूमा सिनेमा संवाद कार्यक्रम सञ्चालन गर्न सकिने, यहाँका कलाकारलाई प्रोत्साहित गर्ने र लेखन कार्यशाला सञ्चालन गर्न सकिने सुझावहरू समावेश गरिएको छ । यस्ता कार्यक्रमले सिर्जनात्मक क्षमताको विकाससँगै स्थानिय प्रतिभालाई पनि उजागर गर्ने संघका अध्यक्ष सूर्यनारायण वि.क.को विश्वास छ । अध्यक्ष वि.क.सँगै उपाध्यक्ष आनन्द पटेल, सदस्यद्वय समिना रञ्जितकार र रश्मिराज भण्डारीले मेयर सिंहलाई भेटी पत्र बुझाएका हुन् । सो अवसरमा मेयर सिंहले संघको पहलप्रति प्रसन्नता व्यक्त गर्दै चलचित्र पत्रकार संघ पर्सालाई आवश्यक सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

# पित्तथैलीको शल्यक्रियापछि साढे चार महिना बेहोस रहेकी पविताको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गैरदर्ता अस्पतालमा गरिएको शल्यक्रियापछि चार महिनाभन्दा बढी समयसम्म अचेत अवस्थामा रहेकी सर्लाहीकी २५ वर्षीया पविता यादवको केएमसी अस्पताल, काठमाडौंमा शुक्रबार बिहान मृत्यु भएको छ । पित्तथैलीको सामान्य समस्या देखिएपछि शल्यक्रियाका लागि जनकपुरधाम–१४ पिडारीचोकस्थित मुस्कान अस्पताल पुगेकी पविता गत माघ ३ गतेको शल्यक्रियापछि होसमै फर्किन सकिनन् । शुक्रबार बिहान करिब ७ बजे भेन्टिलेटरमा उपचाररत अवस्थामै उनको जीवनले सदाका लागि बिदा लिएको हो । शल्यक्रिया गरिएको मुस्कान अस्पताल स्वीकृतिविना दर्ता नभई सञ्चालनमा रहेको थियो । पविताका बुबा ब्रह्मदेव यादवका अनुसार सूर्या अल्ट्रासाउण्डका सञ्चालक सुशील यादवले जबरजस्ती अस्पतालमा शल्यक्रिया गराएका थिए । सरकारी सेवा गरिरहेका हेल्थ असिस्टेन्ट कमल राइनको परोक्ष संलग्नता र उनकी श्रीमतीलाई अगाडि राखेर खोलिएको अस्पतालमा सर्जन डा. ज्ञानकुमार साहले शल्यक्रिया गरेका थिए । शल्यक्रियापछि तीन दिनसम्म होश नफर्केपछि स्नायविक समस्या देखिएको भन्दै सिटी स्क्यान गर्न भनिएको थियो । तर, अस्पतालमा सो सेवा नहुँदा पवितालाई माघ ६ गते जानकी हेल्थकेयरमा लगिएको र अवस्था नाजुक हुँदै जाँदा अन्ततः माघ २९ गते केएमसी, काठमाडौं लगिएको थियो । अत्यन्तै कमजोर आर्थिक अवस्था भएका पविताका पति अंगेश यादव केही समय अस्पतालमै बसे पनि लामो उपचार खर्च धान्न नसक्दा उनी घर फर्किएका थिए । एक महिनादेखि कुरुवा नै नभएका कारण अस्पतालले पटक–पटक फोन गरी बोलाउँदा पनि परिवार अस्पताल पुग्न सकेन ।

अन्ततः केएमसी अस्पतालले प्रहरीमार्फत जिल्ला प्रहरी कार्यालय सर्लाहीलाई पत्राचार गरी अंगेशलाई उपस्थित गराउन अनुरोध गरेको थियो । शुक्रबार बिहान अस्पतालले पुनः फोन गरी शव बुझ्न आउन आग्रह गरेको अंगेशले बताए । उनले भने, 'मेरो हातमा एक रुपैयाँ छैन, गाडी भाडा छैन, लाखौं खर्चको बोझ कसरी तिर्ने?' पविताका बुबा ब्रह्मदेव यादवले गत जेठ १ गते जिल्ला प्रहरी कार्यालय धनुषामा पाँच जनाविरुद्ध जाहेरी दिएका थिए । प्रतिवादीमा अस्पताल सञ्चालक, शल्यक्रिया गर्ने सर्जन डा. ज्ञानकुमार साह, एनेस्थेसिया संलग्न चिकित्सक, तथा सल्लाह दिने अल्ट्रासाउण्ड सञ्चालक सुशील यादवसमेत छन् । तर, अहिलेसम्म कुनै कानुनी कारबाही अगाडि बढेको छैन । पविताको ज्यान लिने लापरवाहीको दोषीहरू सम्पर्कविहीन छन् । अस्पताल बन्द भएको अवस्थामा पनि सञ्चालक उम्कन सफल भएका छन् । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पविताको अवस्था सार्वजनिक भएपछि माघ २३ गते अस्पतालमा छड्के अनुगमन गरेका थिए । अस्पताल दर्ता नभएको पुष्टि भएपछि तत्काल बन्द गर्ने आदेश दिइएको थियो । पविताको उपचार खर्च मुस्कान अस्पतालले व्यहोर्नुपर्ने निर्देशनसमेत दिइएको थियो । तर, अहिलेसम्म एक लाख रुपैयाँ मात्र तिरेर अस्पताल सञ्चालक सम्पर्कविहीन भएको पविताका परिवारको भनाइ छ ।

# युवालाई सैन्य तालिम परिवारलाई रोजगारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका केन्द्रीय सचिव बीपी साहले मधेश प्रदेश सरकारलाई युवाको अनुशासन, रोजगारी र सामाजिक सुरक्षामा केन्द्रित ११ बुँदे सुझावपत्र बुझाउँदै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा ती मागहरू समावेश गर्न आग्रह गरेका छन् । सचिव साहले मुख्यमन्त्री सतिश कुमार सिंहलाई ज्ञापनपत्र बुझाउँदै प्रदेश सरकारले यस्ता नीति ल्याउन सकेमात्र मधेशी जनताको संघीयताप्रतिको विश्वास अझै मजबुत हुन्छ भन्ने विश्वास व्यक्त गरे । साहले एसईई परीक्षा दिएपछि युवालाई ६ महिने अनिवार्य सैन्य तालिम दिने व्यवस्था गर्न माग गरेका छन् ।उनका अनुसार यसबाट युवामा अनुशासन, आत्मरक्षा र देशभक्तिको भावना बलियो हुनेछ । साथै, यसले रोजगारीका लागि वैदेशिक पलायनमा कमी ल्याउने विश्वास उनले व्यक्त गरे । ज्ञापनपत्रमा साहले प्रदेश सरकारले प्रत्येक परिवारका कम्तिमा एक सदस्यलाई रोजगारी दिने नीति ल्याउनुपर्ने माग गरेका छन् । 'जब राज्य नागरिकप्रति जिम्मेवार हुन्छ, तब विदेश जानुको बाध्यता हट्छ,' उनले भने । बीपी साहले प्रदेशमा गंगालाल हृदयरोग अस्पतालको शाखा स्थापना गरी प्राथमिक उपचार निःशुल्क गरिनुपर्ने माग पनि राखेका छन् । त्यस्तै, महिलाका लागि निःशुल्क सार्वजनिक यातायात सेवा सञ्चालन गर्नुपर्ने, मोटरसाइकल नवीकरण शुल्कमा छुट दिनुपर्ने जस्ता सर्वसाधारणका लागि सीधै लाभ दिने सुझावहरू पनि समेटिएको छ । साहको ज्ञापनपत्रमा मधेशको इतिहास, संघीयता र लोकतान्त्रिक आन्दोलनबारे शैक्षिक पाठ्यक्रम समावेश गर्नुपर्ने, सल्हेस पर्यटन करिडोर निर्माण गर्दै ऐतिहासिक स्थलहरू जोड्नुपर्ने र जानकी नवमीको अवसरमा मिथिला सांस्कृतिक रथ यात्रा आयोजना गर्नुपर्ने उल्लेख छ । त्यस्तै, महादेव धार्मिक करिडोर निर्माण गरी धार्मिक पर्यटनको विकास गर्नुका साथै सीमावर्ती क्षेत्रका नागरिकका लागि विशेष कार्यक्रममार्फत स्वास्थ्य, शिक्षा र पूर्वाधार विस्तार गर्नुपर्ने मागसमेत समावेश गरिएको छ ।

साहले प्रदेश सरकारले यी सुझावहरूलाई नीति तथा कार्यक्रममा आत्मसात् गरे मात्र संघीयता जनतासम्म पुग्ने र मधेशी जनताको भरोसा बलियो हुने तर्क राखेका छन् । 'संघीयता कागजमा मात्र सीमित हुनु हुँदैन । जनता अनुभूति गर्न चाहन्छन् । यसका लागि युवा, महिलाहरू, सीमावर्ती समुदाय र आम जनताका प्रत्यक्ष आवश्यकतामा केन्द्रित नीति ल्याउनुपर्छ,' साहले भने ।

# मधेश सरकारद्वारा गणतन्त्र दिवसको तीनदिने कार्यक्रम सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
१८औँ गणतन्त्र दिवसको अवसरमा मधेश प्रदेश सरकारअन्तर्गत गृह, सञ्चार तथा कानुन मन्त्रालयले तीनदिने कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमका विभिन्न दिनमा सरसफाइ, रक्तदान, प्रेस स्वतन्त्रता सेनानीको सम्मान र मानव सेवा आश्रममा भोजन वितरणजस्ता समाजसँग प्रत्यक्ष जोडिएका गतिविधिहरू सम्पन्न भएका थिए ।

जेठ १४ गते कार्यक्रमको शुरुवात जनकपुरधामस्थित मधेश भवन परिसरमा सरसफाइ तथा रक्तदान कार्यक्रमबाट गरिएको थियो । त्यस अवसरमा प्रदेश सरकारका कर्मचारी, जनप्रतिनिधि तथा समाजसेवीहरू सहभागी भएका थिए । दोस्रो दिन जेठ १५ गते प्रदेशभित्रका प्रेस स्वतन्त्रता र लोकतन्त्रका लागि योगदान दिने अग्रज पत्रकारहरूको सम्मानमा केन्द्रित रह्यो । तेस्रो दिन शुक्रबार ऐतिहासिक जानकी मन्दिर परिसरमा सरसफाइ अभियान सञ्चालन गरिएको थियो ।

धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थलमा गरिएको यस अभियानले पर्यावरण संरक्षण र आस्था स्थलको गरिमा कायम राख्नुपर्ने सन्देश दिएको थियो । त्यसपछि जनकपुरधामस्थित मानव सेवा आश्रममा सहाराविहीन, अपाङ्ग, अशक्त तथा मानसिक रोगीहरूलाई भोजन वितरण गरिएको थियो । कार्यक्रम समापनमा मन्त्री लेखीले भने, 'विद्यार्थीकालदेखि नै म समाज परिवर्तनका अभियानमा सक्रिय छु । सप्तकोसी नगरपालिकामा मानव सेवा आश्रम निर्माणका लागि मैले आफ्नै पैत्रिक सम्पत्तिबाट दुई कट्ठा जग्गा दान गरिसकेको छु ।' उनका अनुसार यस्तो सेवामूलक अभियानले समाजमा सकारात्मक चेतना र सहानुभूतिको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । तीनदिने विशेष कार्यक्रम नागरिक सर्वोच्चता, सामाजिक उत्तरदायित्व र मानवीय सेवा जस्ता लोकतान्त्रिक मूल्य र मान्यताको प्रवद्र्धन गर्ने उद्देश्यले सम्पन्न गरिएको मन्त्री लेखीले बताए ।

# लहानमा धमाधम 'ओभरपास' निर्माणको काम हुँदै

**सिरहा ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर–कमला सडक विस्तारका क्रममा लहानमा 'ओभरपास' निर्माण भइरहेको छ । 'चाइना रेलवे–२ इन्जिनियरिङ ग्रुप'ले आगामी डिसेम्बर ३१ सम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित कामलाई तीव्रता दिएको जनाएको छ । हालसम्म 'ओभरपास' निर्माणका लागि २६ मध्ये १४ पायल (पाइल) जमिनको सतहमा राख्ने काम सकिएको कञ्चनपुर–कमला सडक आयोजना पश्चिम खण्ड (सिरहा) तर्फका प्राविधिक शाखाका सूचना अधिकारी तथा इञ्जिनियर सरोज कोइरालाले बताए । 'निर्धारित समयमा निर्माण सम्पन्न गर्ने उद्देश्यसहित आवश्यक उपकरणसहित बिहानदेखि रातिसम्मै काम भइरहेको छ', उनले भने, 'ओभरपासको कुल लम्बाइ ५५० मिटर हुने छ भने यसको 'ग्राउन्ड क्लियरेन्स' ६ मिटर हुनेछ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार यस 'ओभरपास' उचाइ ६ मिटरको हुनेछ ।'
मिर्चैया चोकमा पनि 'ओभरपास' निर्माण शुरु गरिएको छ भने यो सडकखण्डअन्तर्गत लहानमा पाँचवटा 'अन्डरपास' निर्माण सम्पन्न भएको छ । तर, विवादका कारण गोलबजारमा निर्माण गरिनुपर्ने दुईवटा 'अन्डरपास' निर्माण अझै शुरु हुन नसकेको इन्जिनियर कोइरालाको भनाइ छ । निर्माण कम्पनीले सप्तरीको कञ्चनपुरदेखि सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर सडक मध्यपश्चिम खण्ड (सिरहा) तर्फ बलान नदीदेखि कमलासम्म ४७ किलोमिटर सडके साढे ६२ प्रतिशत निर्माण प्रगति पूरा भएको र पूर्व खण्ड कञ्चनपुरदेखि कुशहवा (सप्तरी)तर्फ ३९ किलोमिटर सडकमध्ये ५७ प्रतिशत निर्माण प्रगति पूरा भएको जनाएको छ । आयोजनाको कुल लागत १५ अर्ब ६६ करोड ४४ हजार ९८३ रहेको छ । सन् २०२० अक्टोबर २९ देखि तीन वर्षभित्र निर्माणसम्पन्न गरिसक्ने गरी 'चाइना रेलवे–२ इञ्जिनियरिङ ग्रुप'ले ठेक्का लिएको थियो । निर्धारित समयमा काम सम्पन्न नभएपछि पहिलोपटक म्याद थप गरी २०२४ डिसेम्बर २८ सम्म पुर्याइएको थियो । तर, थपिएको समयमा पनि निर्माणसम्पन्न नभएपछि अन्तिम पटकलाई भन्दै पुनः २०२५ डिसेम्बर ३१ सम्म म्याद थप गरिएको छ । रासस

# चन्द्रपुर अस्पतालबाट २४ घण्टा निःशुल्क उद्धार सेवा शुरू

**मधेशदृष्टि**
**रौतहट ।**
गणतन्त्र दिवसको अवसर पारेर रौतहटको चन्द्रनिगाहपुरस्थित चन्द्रपुर अस्पताल प्रालिले सामाजिक उत्तरदायित्वअन्तर्गत २४सै घण्टा सञ्चालन हुने निःशुल्क आकस्मिक उद्धार सेवा शुरू गरेको छ । पूर्व–पश्चिम राजमार्गसँग प्रत्यक्ष जोडिएको यस अस्पतालको यो पहलले मधेश प्रदेशका सडक प्रयोगकर्तालाई आपतकालीन अवस्थामा तत्काल स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य राखेको छ । सामाजिक सेवामा सधैं अगाडि देखिने वरिष्ठ चिकित्सक तथा अस्पताल सञ्चालक डा. सुभाष चौधरीको पहलमा यो सेवा शुरु गरिएको हो । डा. चौधरीका अनुसार, 'सडक दुर्घटना, प्राकृतिक प्रकोप वा अन्य आकस्मिक घटनामा परेका व्यक्तिहरूलाई घटनास्थलमै पुगेर आवश्यक प्राथमिक उपचार दिने र ज्यान जोगाउने उद्देश्यले यो उद्धार सेवा सञ्चालनमा ल्याइएको हो ।' उनका अनुसार अस्पतालले उद्धार सेवाका लागि विशेष टोली तयार



पारेको छ । टोलीमा दक्ष चिकित्सक, पारामेडिक्स, इमरजेन्सी औषधि, पोर्टेबल अक्सिजन, फलाम र काठ काट्ने उपकरण, चेष्ट ट्युब राख्ने सामग्री र साना शल्यक्रियाका उपकरणहरू उपलब्ध छन् । यसले दुर्घटना स्थलमै उपचार सम्भव बनाएर थप क्षति हुनबाट रोक्न मद्दत पुर्याउनेछ ।

नेपालमा सडक दुर्घटना दिनप्रतिदिन गम्भीर समस्या बन्दै गएको छ । प्रहरी तथ्यांक अनुसार गत आर्थिक वर्षमा मात्रै २ हजार ३ सय २० जनाको मृत्यु र २८ हजार ८ सय ५६ जना घाइते भएका छन् । औसतमा दैनिक सात जनाले दुर्घटनामा ज्यान गुमाइरहेका छन् । यीमध्ये मधेश प्रदेश सबैभन्दा बढी प्रभावित छ । मधेशमा प्रति एक लाख जनसंख्यामा १ हजार ४ सय ३० दुर्घटनाको दर रहेको छ । एसियाली विकास बैंकको अध्ययन अनुसार नेपालले हरेक वर्ष सडक दुर्घटनाका कारण ४४ करोड रुपैयाँभन्दा बढीको आर्थिक क्षति बेहोर्नुपरेको छ । यी तथ्यांकले दुर्घटना न्यूनीकरण मात्र नभई घाइतेको तत्काल उद्धार र प्रभावकारी उपचारको पनि अपरिहार्यता देखाउँछ ।

# ट्राफिक सचेतना बढाउन 'सडक सुरक्षा सप्ताह'

**महोत्तरी ।**
बढ्दो सवारीसाधन दुर्घटना घटाउन ट्रफिक प्रहरीले सचेतनामूलक कार्यक्रम 'सडक सुरक्षा सप्ताह' मनाउने भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीले सप्ताहव्यापी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न लागेको हो । जिल्ला ट्रफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख तथा प्रहरी निरीक्षक लक्ष्मीराज जोशीले यही जेठ २२ गतेदेखि सातदिने साताव्यापी सचेतनामूलक कार्यक्रम सञ्चालन हुने बताए । पहिलो दिन जेठ २२ गते बिहीबार जिल्लाका जनप्रतिनिधि, विद्यार्थी, शिक्षक, नागरिक समाजका प्रतिनिधि, यातायात व्यवसायी, चालक र यातायात मजदुरसहितको सहभागितामा प्रभातफेरी गरिने छ । यसैगरी २३ गते जलेश्वरमा सवारी दुर्घटना उद्धार अभ्यास, २४ गते सवारीसाधनको परीक्षण, २५ गते बर्दिबासमा रक्तदान, २६ गते सार्वजनिक सवारी चालकहरूको स्वास्थ्य परीक्षण र छैटौँ दिन जेठ २७ गते मोटरसाइकल चालकलाई लक्षित गरी हेल्मेट प्रयोगसम्बन्धी प्रशिक्षण कार्यक्रम, भारतीय सीमावर्ती सम्सी नाका नजिकको हुलाकी सडकको सम्सीचोकमा ट्राफिक सचेतनासम्बन्धी सडक नाटक प्रदर्शन गरिनेछ । सप्ताहको अन्तिम दिन जेठ २८ गते सञ्चारकर्मी तथा यातायात व्यवसायीहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजनासँगै सप्ताहव्यापी कार्यक्रम समापन हुने प्रहरी निरीक्षक जोशीले बताए । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन